
# लेखापरीक्षण प्रतिवेदन

# बेलडाँडी गाउँपालिका, कंचनपुर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बेलडाँडी गाउँपालिका, कंचनपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/687

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
बेलडाँडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कञ्चनपुर।

**कैफियतसहितको राय**

हामीले बेलडाँडी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाँउपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी अख्तियारी मार्फत खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ३९ लाख ४६ हजार र एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५ लाख १५ हजार समेत रु.९ करोड ४४ लाख ६१ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु.६७ करोड १ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ७२ लाख १७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रमाण कागजात पेस गर्नुपर्ने रू.६६ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७६ लाख ९१ हजार र पेस्की बाँकी रु.२९ लाख ८ हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ३२ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड ४ लाख ४४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८७ | २३ | २,७२,१६,९१६ | ० | ० | ० | ० | ८७ | २३ | २,७२,१६,९१६ | ० | १,७६,९०,९४३ | ६६,१७,९७३ | ० | ० | २,४३,०८,९१६ | २९,०८,००० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कंचनपुर | ९३२२७००० | ० | ० | ९३२२७००० | ० | २,७२,१६,९१६ | १२०४४३९१६ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| ० | ० | ० | ० | ० |

# (८०७७६५०१३०० - बेलडाँडी गाउँपालिका, कंचनपुर )

# बेलडाँडी गाउँपालिका , कञ्चनपुर

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस बेलडाँडी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्वेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, ३६.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा २९,४२८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१० देखि २०८१।०९।१२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय रु.६७ करोड १ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरणको विश्लेषण

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६४५१११०१.२० | ० | ६४५१११०१.२० | ६००६२२८४.७९ | ० | ६००६२२८४.७९ |
| १३००० | अनुदान | २३१२३१७९४.१२ | ० | २३१२३१७९४.१२ | २४९३०६५०८.८४ | ० | २४९३०६५०८.८४ |
| १४००० | अन्य राजस्व | ४५८१४२१.७७ | ० | ४५८१४२१.७७ | ३२५९६१५.३० | ० | ३२५९६१५.३० |
| १५००० | विविध प्राप्ति | २०१४५९.०० | ० | २०१४५९.०० | ६०१५५.०० | ० | ६०१५५.०० |
| क | **कुल जम्मा प्राप्ति** | ३००५२५७७६.०९ | | ३००५२५७७६.०९ | ३१२६८८५६३.९३ | | ३१२६८८५६३.९३ |
| ३ | चालु | २२४८०६०५४.३९ | ० | २२४८०६०५४.३९ | २१२८७३२५५.२६ | ० | २१२८७३२५५.२६ |
| २१००० | पारिश्रमिक / सुविधा | १२३६७५११५०.७३ | ० | १२३६७५११५०.७३ | ७८११३८३८.४९ | ० | ७८११३८३८.४९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९४४२७४८९.६६ | ० | ९४४२७४८९.६६ | १२४०१०२६७.७७ | ० | १२४०१०२६७.७७ |
| २५००० | सहायता (Subsidy) | ५४५०७४.०० | ० | ५४५०७४.०० | ४३४६३१९.०० | ० | ४३४६३१९.०० |
| २७००० | सामाजिक सुरक्षा | ५१२६१९०.०० | ० | ५१२६१९०.०० | ५६४४६६०.०० | ० | ५६४४६६०.०० |
| २८००० | अन्य खर्च | १०३२१५०.०० | ० | १०३२१५०.०० | ७५८१७०.०० | ० | ७५८१७०.०० |
| ४ | पूंजीगत | ९९५९१३०७.०० | ० | ९९५९१३०७.०० | ९२१७३५१६.०१ | ० | ९२१७३५१६.०१ |
| ३१११० | भवन तथा संरचना | ८९९०२२२.०० | ० | ८९९०२२२.०० | १८२४४६८६.२६ | ० | १८२४४६८६.२६ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ५१४०६५४.०० | ० | ५१४०६५४.०० | ६७७१७४७.९९ | ० | ६७७१७४७.९९ |
| ३११३० | अन्य पूँजीगत खर्च | ४८९००.०० | ० | ४८९००.०० | १९३२९९८.०० | ० | १९३२९९८.०० |
| ३११५० | सार्वजनिक निर्माण | ८२३१४५९७.०० | ० | ८२३१४५९७.०० | ६३३४४६६८.७६ | ० | ६३३४४६६८.७६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | ० | ३८६८३८.०० | ० | ३८६८३८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ३०९६९३४.०० | ० | ३०९६९३४.०० | १४९२५७७.०० | ० | १४९२५७७.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ३२४३९७३६१.३९ | | ३२४३९७३६१.३९ | ३०५०४६७७१.२७ | | ३०५०४६७७१.२७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -२३८७१५८५.३० | | -२३८७१५८५.३० | ७६४१७९२.६६ | | ७६४१७९२.६६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ८३२६५५.९८ | | ८३२६५५.९८ | १३०४४६.२९ | | १३०४४६.२९ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | -१०८९५४.०० | | -१०८९५४.०० | -१६०. | | -१६०. |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -२३०३८९२९.३२ | | -२३०३८९२९.३२ | ७७७२२३८.९५ | | ७७७२२३८.९५ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ५४९५१५१०.१७ | | ५४९५१५१०.१७ | ४७१७९२७१.२२ | | ४७१७९२७१.२२ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३१९१२५८०.८५ | | ३१९१२५८०.८५ | ५४९५१५१०.१७ | | ५४९५१५१०.१७ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.५१५०००।०० र समाजिक सुरक्षा तथा संरक्षणको रू.९३९४६४५७।०० समेत गरी रू.९४४६१४५७।०० सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरण(म.ले.प.फा.न. २७०)मा समावेश गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रू.५२५७४५५१।२६ मौज्दात रहेकोमा यो वर्ष रू.५४९५१५१०।१७ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२३७६९५८।९१बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.४ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू. १०८९५४।०० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,९५४ |

२.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार देहाय

बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रू.३१९१२५८०।८५ र बैङ्क अनुसार मौज्दात रू ३२०२१५३५।००देखियो। बैकमा बढी रू.१०८९५४।०० भएको विषयमा यथार्थ अवस्था यकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात रकम | घट/बढ नगद | मौज्दात रकम | नगद मौज्दात | बैक स्टेटमेन्ट अनुसार | फरक |
|---|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | | ० | ० | ० | ० |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | | ० | ० | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | | ० | ० | ० | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | ४६८७२१४७.१९ | -२३८७१५८५.३० | २३०००५६१.८९ | ० | २३०००५६१.८९ | ० |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ३६९९७६८.०० | ४३६०४४.०० | ४१३५८१२.०० | ० | ४१३५८१२ | ० |
| ग २.१ | चालू खर्च खाता- विजोर वर्ष | ० | | ० | ० | ० | ० |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ० | | ० | ० | ० | ० |
| ग २.३ | पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | | ० | ० | ० | ० |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ० | | ० | ० | ० | ० |
| ग २.७ | विविध खर्च खाता | १२१४८७९.५७ | ३९६६११.९८ | १६११४९१.५५ | ० | १७२०४४५.५५ | -१०८९५४ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | २४७७११८.९१ | | २४७७११८.९१ | ० | २४७७११८.९१ | ० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६८७५९६.५० | | ६८७५९६.५० | ० | ६८७५९६.५ | ० |
| जम्मा | | ५४९५१५१०.१७ | -२३०३८९२९.३२ | ३१९१२५८०.८५ | ० | ३२०२१५३५ | -१०८९५४ |

## ३ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.७७०३१८१।०० राजस्व बाँडफाँटबाट रू.६१३८८४६९।०० अनुदानबाट रू.२४६९१२३९८।०० तथा अन्य प्राप्ति रू.७४६३११५।०० लगायत रू.३२३४६७१६३।०० प्राप्त भएकोमा चालुमा तर्फ रू.२२४८०६०५४।०० तथा अन्यकोष तर्फको भुक्तानी रू.२२३११०८०।०० र पुँजीगत तर्फ रू.९९५९१३०७।०० समेत कूल रू.३४६७०८४४१।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६४.८४ प्रतिशत चालु र २८.७२ प्रतिशतमात्र पुँजी निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

४ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.९ करोड ९५ लाख ९१ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.५२ लाख ३१ हजार अर्थात ५.२५ प्रतिशत दोस्रो त्रैमासिकमा रू.९७ लाख २४ हजार अर्थात ९.७६ प्रतिशत तेस्रो त्रैमासिकमा रू.३ करोड १३ लाख ५९ हजार अर्थात ३१.४८ प्रतिशत र चौथो त्रैमासिकमा रू.५ करोड ३२ लाख ८६ हजार अर्थात ५३.५१ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.३ करोड ९३ लाख ४५ हजार अर्थात ३१.४७ प्रतिशत खर्च देखिनुले बर्षान्तमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्च | ९९५९१३०७ | ५२३१२७७ | ९७२४१६१ | ३१३४९२६६ | ५३२८६६०३ | ३१३४५१६० |
| प्रतिशत | १००.०० | ५.२५ | ९.७६ | ३१.४८ | ५३.५१ | ३१.४७ |

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकि करण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.४५ प्रतिशत र सुशासनमा सबै भन्दा घटीमा २.६० प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४१४९००० | २०२०६६६४ | ६.२३ |
| २ | सामाजिक विकास | १७३९६५८०७ | १३७७२२२७५ | ४२.४५ |
| ३ | पूर्वाधार विकास | १०९३०८७५१ | ७२४२८१४० | २२.३३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १०४९९००० | ८४२६८७३ | २.६० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९२९७५३२१ | ८५६१३४०८ | २६.३९ |
| कुल जम्मा | | ४१०८९७८७९ | ३२४३९७३६१ | १००.०० |

६ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

७ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका उपाध्यक्षले मिति २०८०।०३।१० मा रू.४१ करोड ८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा तोकिएको अवधि भन्दा १४ दिन ढिलो गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिन सम्बन्धितको ध्यान जानु पर्दछ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष भैपरी आउने शिर्षक अन्तर्गत रू.१ करोड १४ लाख ८१ हजार बिनियोजन गरी कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। जुन पालिकाबाट भएको विनियोजित पुँजिगत बजेटको ९.१८ प्रतिशत हुन जान्छ। यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखियो। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

९ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा स्थानीयनिकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुदा ३.१ मा पूँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। यस वर्ष पालिकाले ५२ वटा योजना तथा कार्यक्रमबाट रू.२ करोड ३२ लाख ८२ हजार घटाएकोमा १०५ वटा योजना तथा कार्याक्रममा रू.२ करोड ३२ लाख ८२ हजार बढाएको देखिन्छ। पालिकाले ४२ वटा चालु प्रकृतिका योजना तथा कार्यक्रमबाट रू.२ करोड ६ लाख २० हजार र पुँजिगतबाट १० योजना तथा कार्यक्रमबाट रू.२६ लाख ६२ हजार रकमान्तर गर्दा ७१ वटा चालु प्रकृतिका योजनामा रू.१ करोड २८ लाख ९६ हजार र ३४ वटा पुजीगत योजनामा रू.१ करोड ३ लाख ८६ हजार रकमान्तर गरी वढाएको देखिन्छ। यसरी ठूलो मात्रामा गरिएको रमान्तरले बजेट विनियोजन दक्षता कमजोर भएको देखाउछ। विनियोजन दक्षतामा अभिवृद्धि गर्नुपर्दछ।

१० **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको गरेको नदेखिएकोले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गर्न मापदण्ड तथा कार्यविधि तयार गरी बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

## १२ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी निम्नानुसार रू.२२१८१७००।०० भुक्तानी दिएको छ। त्येसै गरी यो वर्ष रू.१२३६१०२२।०० भुक्तानी बाँकी राखी आ व २०८१।८२ मा बजेट विनियोजन गरेको देखियो। आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १३ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ३५ योजनामा रू. २६ लाख ३४ हजार र रू.१ लाख देखि ५ लाख सम्मका ६४ योजनामा रू.१ करोड ६२ लाख ४० हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजना संख्या | बजेट खर्च रु |
|---|---|---|
| रु.१ लाख सम्म | ३५ | २६३४२४३ |
| रु.१ देखि ५ लाख सम्म | ६४ | १६२३९५५९ |
| रु.५ देखि १० लाख सम्म | १७ | १२४८५५२३ |
| रु.१० देखि २० लाख सम्म | ५ | ६१४८८१३ |
| रु.२० देखि ५० लाख सम्म | ११ | ३४२४२५१२ |
| रु.५० लाख देखि माथी | ३ | २७८४०६५७ |
| जम्मा | १३५ | ९९५९१३०७ |

## १४ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिकप्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | २२२ | ३७ | ७ | ६ | ११ | १६१ | ४३०४०५९९.२९ |
| ३११०० | १६१ | २६ | ४ | ४ | ८ | ११९ | ९९५९१३०७. |
| जम्मा | ३८३ | ६३ | ११ | १० | १९ | २८० | १४२६३१९०६ |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ३८३ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ६३ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २८० रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ ।
- ६३ योजना मध्ये बाहेक ३२० योजना तथा कार्यक्रममा रू.१४ करोड २६ लाख ३२ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

## १५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिममा एक पटकमात्र गरेको देखियो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## १६ खरिद योजना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.९ करोड ९५ लाख ९१ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ ।

## १७ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदान | प्राप्त | खर्च | बाँकी | आ.व.को अन्तमा फिर्ता | फिर्ता गर्न बाँकि | दाखिला भौचर भिडान |
|---|---|---|---|---|---|---|---|
| संघिय अनुदान | शसर्त चालु | ११६१५१२५० | १००७००६१० | १५४५०६४० | १५४८९०८४ | -३८४४४ | १५४८९०८४ |
| | शसर्त पुँजीगत | ५७०००००० | ५७०००००० | ० | ० | ० | |
| | विषेश चालु | ५२८३०७४ | ५२४४६३० | ३८४४४ | ० | ३८४४४ | |
| | समपुरक पुँजीगत | ९७९३८०२ | ९७९३८०२ | ० | ० | ० | |
| | जम्मा | १३६९२८१२६ | १२१४३९०४१ | १५४८९०८४ | १५४८९०८४ | ० | १५४८९०८४ |
| प्रदेश अनुदान | शसर्त चालु | ५४८९०० | ५१२०९७ | ३६८०३ | १४२६१९ | -१०५८१६ | १९१५३७ |
| | शसर्त पुँजीगत | २५७६३५७ | २५१५३८१ | ६०९७६ | ४८९०० | १२०७६ | |
| | विषेश चालु | ६६९५७७४ | ६६०२०३४ | ९३७४० | ० | ९३७४० | |
| | समपुरक पुँजीगत | ५६९२२४१ | ५६९२२४१ | ० | ० | ० | |
| | जम्मा | १५५१३२७२ | १५३२१७५३ | १९१५१९ | १९१५१९ | ० | १९१५३७ |
| कुल जम्मा | | १५२४४१३९८ | १३६७६०७९४ | १५६८०६०३ | १५६८०६०३ | ० | १५६८०६२१ |

## १८ अनुदानको अनुगमन

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा न ११ र सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय प्रदेश नीति तथा योजना आयोग प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघीय बिशेष अनुदान | खाद्य सुरक्षा तथा पोषण अन्तर्गत पोषण मैत्री नमुना कार्यक्रम | १२३९७८८।०० |
| २ | | मौसमी तथा बेमौसमी तरकारी खेती | ४०४८४२२।०० |
| ३ | संघीय समपुरक अनुदान | शीत भण्डार निर्माण | ६९००००।०० |
| ४ | | शिवनगर पुल हुदै खैरीघाट चौराह देखि बैबाह चौरह सम्म सडक आरसीसी (पहिलो र दोस्रो चरण) | १८८९३४४६।०० |
| ५ | प्रदेश विशेष अनुदान | दुग्ध चिस्यान केन्द्र निर्माण | ३८७५१९०।०० |
| ६ | | वडा न ४ सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण | १५८४१४४।०० |
| ७ | प्रदेश समपुरक अनुदान | वडा न ३ कार्यालय भवन निर्माण | ८२००००।०० |
| | | वडा न ४ कार्यालय भवन निर्माण | २१८७१४०।०० |

### १९ स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

### २० सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस घरबाटो सिफारिस जन्म तथा मृत्यु दर्ता नाता प्रमाणित बसाईसराई सम्बन्ध बिच्छेद बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | प्राप्त नभएको |
| पञ्जिकरण तर्फ | |
| जन्म दर्ता | ७४९ |
| मृत्यु दर्ता | १४४ |
| बसाईसराई दर्ता | १३७ |
| विवाहदर्ता | ३०० |
| सम्बन्धविच्छेद दर्ता | ८ |
| पूर्वाधार विकास सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक निर्माण | प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | प्राप्त नभएको |

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष थप भएको १५ विवाद दर्ता भएकोमा १२ वटा फर्स्यौट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| गत आ.व सम्म फछ्यौंट नभएको विवाद संख्या | यो आ.व मा दर्ता भएको विवाद संख्या | यो आ.व. मा कुल फछ्यौंट भएको विवाद संख्या | कुल फछ्यौंट बाँकी विवाद |
|---|---|---|---|
| ० | १५ | १२ | ३ |

## २२ कानून निर्माण एवम् कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह कानून निर्माणको विवरण प्राप्त नभएकोले के कति कानून निर्माण भई कार्यान्वयन भएको हो यकिन गर्न सकिएन। तसर्थ उक्त कानूनहरु अभिलेख अद्यावधिक गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणालीको परीक्षण सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन।

- स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिताप्रभावकारीतानियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।

- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली२०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो अनुगमन गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृतिकार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

२४ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई चालु आ.व.मा रू.२८५८०००।०० र गत आ.व.को रू.५००००।०० म्याद नाघेको पेश्की बाँकी रहेको देखियो। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नु पर्दछ।

| सि.नं. | पेश्की लिनेको नाम | पद/फर्म | पेश्की विवरण | म्याद नाघेको | |
|---|---|---|---|---|---|
| | | | | चालु आ.व.को | गत आ.व.को |
| १ | हरिष चन्द्र राना | अध्यक्ष | अन्य सेवा शुल्क | ०.०० | ५०००० |
| २ | सिद्व राज भट्ट | पशु चिकित्सक | छाडा चौपाया व्यवस्थापनको लागत साझेदारी | १००००० | ०.०० |
| ३ | जेकेइए–एसबिडी जेभी | ठेक्केदार | वडा नं ३ को वडा कार्यालय भवन निर्माण कार्य | ८२०००० | |
| ४ | जेकेइए–एसबिडी जेभी | ठेक्केदार | वडा नं ४ को वडा कार्यालय भवन निर्माण कार्य | ८१४००० | |
| ५ | जेकेइए–एसबिडी जेभी | ठेक्केदार | वडा नं ४ को वडा कार्यालय भवन निर्माण कार्य | ८१४००० | |
| ६ | भविष्य कन्ट्रक्सन | ठेक्केदार | शिवनगर पुल हुँदै खैरिघाट चौराहादेखि बैवाहा चौराहासम्म सडक आर सि सि (क्रमागत) | २६०००० | |
| ७ | नेपाल टेलिकम | संस्थागत | संचार महसुल | ५०००० | |
| | | | जम्मा | २८५८००० | ५०००० |
| | | | | पेश्की | २९,०८,००० |

२५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले पेश गरेको विवरण अनुसार देहाय अनुसारको पेश्की रू.६९०००० सुत्रमा म्याद ननाघेको देखिएको छ। उक्त पेश्की नियम अनुसार फछ्र्यौट गर्नु पर्दछ।

| सि.नं. | पेश्की लिनेको नाम | फर्म | पेश्की विवरण | म्याद ननाघेको | |
|---|---|---|---|---|---|
| | | | | चालु आ.व.को | गत आ.व.को |
| १ | गणेश निर्माण सेवा | ठेक्केदार | शीत भण्डार निर्माण | ६९००००. | ० |

## २६ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २७ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले पेस गरेको विवरण अनुसार मर्मत गर्नु पर्ने २०४ थान र लिलाम गर्नु पर्नेमा ५८ थान रहेको देखिन्छ। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

## २८ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ३७ पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार सहायक पाचौ र चौथो सहित १० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

| क्र.स= | स्वीकृतपद | संख्या | दरबन्दी | | | पदपूर्ति(आषाढमसान्तकोस्थिति) | | | | | रिक्तपद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थाथी | करार | जम्मा | संघ बाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | लोक सेवा बाट पदपूर्ति मार्फत | आन्तरिक पदपूर्ति | करार बाट | |
| १ | प्र प्र अ | १ | १ | | १ | | | | | | ० |
| २ | शाखा अधिकृत | १ | १ | | १ | १ | | | | | ० |
| ३ | अधिकृत | ७ | ७ | | ७ | ४ | | ३ | | | ० |
| ४ | सहायक पाचौं | १५ | १५ | | १५ | २ | | ५ | | | ८ |
| ५ | सहायक चौथों | १२ | १२ | | १२ | २ | २ | ६ | | | २ |
| ६ | का स | ११ | २ | ९ | ११ | | २ | | | ९ | |
| | जम्मा | ४७ | ३८ | ९ | ४७ | ९ | ४ | १४ | ० | ९ | १० |

## २९ वडा सचिवको पदपुर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ५ | ५ | ३ | २ |

## ३० तलवी प्रतिवेदन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. १९४३९४४८।७४ तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

## ३१ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी सवारी चालक सयस बगैंचे प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष पालिका कारार स्वास्थ्य करार लगायत अन्य विभिन्न पदमा ७० कर्मचारीहरु करारमा राखी रू. १६१२९७७४।०० खर्च लेखेको छ।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

## ३२ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधा वापत

रू.५९०९२७९।००खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.३१६००४०४८।२१ रहेको छ।जुन आन्तरिक आयको १.७८ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

## ३३ खर्च शीर्षक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नु र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा करार कर्मचारीको पारिश्रमिक खर्च लेख्दा २२४१३ बाट खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले दैनिक ज्यालादारीमा खटाइएका कर्मचारी अग्रेजी गणित शिक्षक अनुदान बाल विकास सहजकर्ताको र पुनस्थापना सहजकर्ताको तलब कर्मचारीहरूको परिश्रमिक करार सेवा शुल्कबाट खर्च लेख्नु पर्नेमा कर्मचारी पारिश्रमिक शिर्षकबाट रू.१३७३०९०० खर्च लेखेको देखिन्छ। संघीय शर्सत अनुदान अन्तर्गत भएकोले उपयुक्त शिर्षक कायम गराउन नसकिएको पालिकाबाट जानकारी प्राप्त भयो। फरक शीर्षकबाट लेखिएको खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १,३७,३०,९०० |

## ३४ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सांस्कृतिक संरक्षण र खेलकुद विकासका नाममा निम्नानुसार खर्च गरेको देखियो। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

| क्र स | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | तीज कार्यक्रम | १०००००।०० |
| २ | सांस्कृति जगेर्ना कार्यक्रम | ५०००००।०० |
| ३ | रामलिला कार्यक्रम | २३००००।०० |
| ४ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | २५०००।०० |
| ५ | भलमन्सा क्षमता विकास कार्यक्रम | ४०००००।०० |
| ६ | जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता | ६४४००।०० |
| ७ | क्लवलाई प्रिन्टेड पोशाक वितरण | १२०००।०० |
| ८ | न्यू खपतड यूवा क्लव | ५००००।०० |
| ९ | पालिकाको बृत्त चित्र निर्माण | २०००००।०० |

## ३५ भ्रमण खर्च र अभिलेख

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर भ्रमणमा खटिनेको नाम र दर्जा खटिएको स्थान मितिसमेत खुल्ने स्थान र बस जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारी तथा पदाधिकारी भ्रमणमा रू.२५३७०२५।०० र अन्य भ्रमण खर्च रू.२५४२००।०० गरी जम्मा रू.२७९१२२५।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित कोष प्रमाणित बस वा माईक्रो बसको टिकट र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

## ३६ बैठक भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी कर्मचारी न्यायीक समिति तथा अन्य बैठक भत्ता वापत रू.९७५४३०।०० खर्च गरेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

## ३७ घर भाडा

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) रीत पुगे वा नपुगेको जाँच भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य शाखाको स्टोर र कार्यालय प्रयोजनका लागि घर भडामा लिई रू. ७१८३५०।०० भुक्तानी भएको देखियो। भाडामा लिइएका उक्त भवनहरु कार्यालयकै प्रयोजनमा उपयोग भएको सुनिश्चितता हुनुपर्दछ।

## ३८ बिज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन ।यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं. | नाम | कर लाग्ने रकम | ३ प्रतिशतले हुने कर |
|---|---|---|---|
| १ | महेन्द्र नगर मिडीया | ११३०५० | ३३९२ |
| २ | अपि विज्ञापन एजेन्सी | २३३१०० | ६९९३ |
| ३ | पश्चिम नेपाल | ६८७५० | २०६३ |
| ४ | मिडीया गेट प्राली | ५१००० | १५३० |
| | जम्मा | | १३९७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९७८ |

## ३९ मसलन्द तथा कार्यालय सामग्री

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू. ३२२०५१३।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

## ४० सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले यो वर्ष फार्मेसी संचालन सम्बन्धी सफ्टवेयर खरिद गरी रु. १६०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क्र स | सफ्टवेयरको नाम | प्रयोजन | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | HMS | फार्मेसी संचालन | Meraki Techa.Pvt.Ltd | १६०००० |

## ४१ लागत अनुमान

सार्वजनिक खरिद ऐन २०६३ को दाफा ५ मा सार्वजनिक निकालयले खरिद कार्य गर्दा निर्माण कार्यको बाहेक एक लाख रुपैया सम्मको खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ। पालिका विभिन्न कार्यक्रम सञ्चालन गर्दा बजारको तीन वटा फर्मसँग दररेट माग गरी सो मध्ये न्युनतम दरमा खरिद गर्ने गरेको देखियो। अतः एक लाख भन्दा वढीको खरिद कार्य गर्दा लगात अनुमान बानाई खरिद कानून अनुसार मात्र खरिद गर्नुपर्ने तर्फ ध्यान दिनु पर्छ। यसका केही उदाहरण देहाय अनुसार रहेको छ।

| सि.नं. | कामको नाम | रकम |
|---|---|---|
| १ | च्याउको बिउँ तथा पलास्टिक खरिद | २६४००० |
| २ | जिङ्क खरिद | ३४२००० |
| ३ | तरकारी विउँ बिजन खरिद | २४८९४० |
| ४ | धानको विउँ विजन खरिद | ९८७००० |

## ४२ आन्तरिक नियन्त्रण प्रणाली तयारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ र सोही नियमावलीको नियम ८१ मा आन्तरिक नियन्त्रण कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि.बाट तयार गर्न लगाई रू.३९४३७०।०० भुक्तानी गरेको छ। पालिकाले आन्तरिक नियन्त्रणको कार्यान्वियन गर्ने तर्फ ध्यान दिनु पर्छ।

## ४३ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| विवरण | प्रयोजन | खर्च रकम |
|---|---|---|
| इलका प्रहरी कार्यालय | मसलन्द | ९९७६७ |
| रौलेश्वर जनता आदर्श बहुमुखी क्याम्पस | शिक्षक पारिश्रमिक | १५००००० |

## ४४ मर्मत खर्च

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र

म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत देहाय अनुसार सवारी साधन रहेकोमा उल्लिखित सवारी साधनहरुको कर्मचारीलाई मर्मतको लागि रू.४०७५००।०० मर्मतमा रु.४२२५८१४।०० खर्च गरेकोमा मर्मत आदेश फारममर्मत सम्पन्न फारममर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन।मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी मर्मत खर्चलाई नियन्त्रण गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

| सि.नं. | सवारी साधन | संख्या |
|---|---|---|
| १ | टिप्पर | १ |
| २ | जे.सि.भि. | १ |
| ३ | रोलर | १ |
| ४ | मोटर साइकल | २८ |
| ५ | स्कुटि | ४ |
| ६ | जिप | १ |

४५ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका२०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसार सवारी साधन रहेकोमा कर्मचारीलाई इन्धन बापत रू १२८१००० तथा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.२९३३११७।०० गरी जम्मारू.४२१४११७।०० इन्धनमा खर्च गरेको छ।सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरु र कर्मचारीहरूले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकलब्याकहोलोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। अतः ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

| सि.नं. | सवारी साधन | संख्या |
|---|---|---|
| १ | टिप्पर | १ |
| २ | जे.सि.भि. | १ |
| ३ | रोलर | १ |
| ४ | मोटर साइकल | २८ |
| ५ | स्कुटि | ४ |
| ६ | जिप | १ |

४६ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना खाजा सभा संचालन तथा अन्य विविध शिर्षकमा रू. १५०००००।०० भुक्तानी गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

४७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ मा स्थानीय तहलाई आर्थिक सहायताचन्दापुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू.११३८०००।०० आर्थिक सहायता

वितरण गरेको देखियो।यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

| **विवरण** | **खर्च रकम** |
|---|---|
| आर्थिक सहायता | ५९८००० |
| भलमन्सा तथा पास्टर सहायता | १२०००० |
| ३५ बर्ष नाघेका अविवाहित महिला र तेस्रो लिङ्गिलाइ | १०५०००. |
| छोरी जन्ममा प्रोत्साहन | ३१५०००. |
| जम्मा | ११३८००० |

४८ **सवारी साधन नविकरण जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार वयक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले सवारी साधनको नविकरण गर्दा रू १४१०० जरिवाना तिरेको देखिन्छ। पालिकाले समयमै गर्नुपर्नेमा ढिलो गरी नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। यसरी भुक्तानी गरेको जरिवना नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १४,१०० |

४९ **छाडा चौपाया व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा स्थानीय स्तरमा वातावरण संरक्षण गर्ने तथा पशु स्वास्थ्य व्यवस्थापनको भूमिका तोकिएको छ । पालिकाले आफ्नो क्षेत्रका सडकमा छाडिएका चौपायको संरक्षण तथा व्यवस्थापन गर्न एक समिति गठन गरिएको छ । उक्त समितिलाई सहयोग गर्न ४ जना हेरालोहरु तथा औषधि व्यवस्थापन समेतमा यो वर्ष रू ३४९००००।०० खर्च भएको छ । पालिकाले पशु चौपायाको संख्यागत लगत अभिलेख राख्ने गरेको देखिएन। चौपायाबाट प्राप्त हुने मल दुध लगायतका चौपाय उपजहरुको समेत हिसाव किताव नराखिएको अवस्था देखीयो। चौपायको उपजलाई व्यवस्थित गरी सोबाट प्राप्त रकमबाट धान्न सकिने गरी चौपाया व्यवस्थापन गर्न पालिकाको ध्यान जानु पर्दछ ।

| **क्र स** | **खर्चको शिर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | खोर निर्माण | १२५००००।०० | प्रदेश स्रोत |
| २ | चौपायको हेरालो ज्याला | १२०००००।०० | पालिका स्रोत |
| ३ | दाना तथा पराल खरिद | १०४००००।०० | प्रदेश स्रोत |
| | जम्मा | ३४९००००।०० | |

५० **कडा रोग उपचार खर्च**

मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरमीलाई औषधि उपचार बापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को बुदाँ न. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाका दरले यस कार्यविधिमा तोकिएका ४ प्रकारका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ। त्यसै गरी बुदाँ न. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था छ। यो वर्ष पालिकाबाट उल्लिखित ४ प्रकारका १७ रोगीहरुलाई १२६

महिनाको लागि रू.६८००००।०० उपचार खर्च बापत भुक्तानी भएको छ। उक्त लाभग्राहीले प्राप्त गरिरहेका उक्त उपचारको खर्चको सम्बन्धमा कार्यविधिको बुदाँ न ८ बमोजिम अनुगमन भएको अभिलेख देखिएन जसले गर्दा बुँदा न ४ बमोजिम यस्तो सुविधा पाउने या नपाउने सम्बन्धी परीक्षण गर्न सकिएन। कार्यविधि बमोजिम सम्बन्धित निकायहरुले अनुगमन गर्नुपर्दछ।

५१ **करार शिक्षकको तलव भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा ४३ शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान/राजस्व बाँडफाट स्रोतबाट रू.६३५४४००।०० तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ। यो वर्ष पालिका अनुदानमा कार्यरत शिक्षक र विद्यालयमा रहेको शिक्षक विद्यर्थीको अनुपातको विवरण निम्नानुसार छन।

| सि.न. | विद्यालयको नाम | कूल विद्यार्थीसंख्या | प्रति शिक्षक विद्यार्थी संख्या | पालिका अनुदानमाकार्यरत शिक्षक संख्या | गाँउशिक्षकको लागि निकासा भएको अनुदान रकम रू |
|---|---|---|---|---|---|
| १ | श्रीरौलेश्वर मा.वि.बेलडाँडी | ५५७ | ४० | ८ | १२००००० |
| २ | श्रीसरस्वतीजनता मा.वि.वैवाह | ६१४ | ५१ | २ | ३२०००० |
| ३ | श्रीसिंहपालआ.वि.चन्दनवस्ती | २१५ | ३१ | २ | ३००००० |
| ४ | श्रीसरस्वतीमा.वि.झरनासागर | ४६६ | ५२ | ४ | ६५६००० |
| ५ | श्रीकालिकाआ.वि.चन्दनवस्ती | १७९ | ६० | ३ | ३६०००० |
| ६ | श्रीसिद्धनाथआ.वि.सिद्धचोक | १४० | ४७ | २ | ३००००० |
| ७ | राधाकृष्णजनपृयआ.वि.वैवाह | १९२ | ६४ | ४ | ६२०००० |
| ८ | कंचनआ.वि.चन्दनवस्ती | ८४ | ४२ | १ | १४०००० |
| ९ | श्रीत्रिशुलीआ.वि.चवन्नी | ११० | ३७ | ३ | ४००००० |
| १० | श्रीसिद्धनाथमा.वि.चौफेरी | ४४० | ५५ | ३ | ४२०००० |
| ११ | श्रीशैलेश्वरीआ.वि.ढकनिया | २४५ | २४५ | ६ | ७१८४०० |
| १२ | श्रीबैजनाथमा.वि.झिलमिला | ३५० | २७ | २ | ३६०००० |
| १३ | श्रीगणेशमा.वि.भुर्षा | ३६१ | ४० | २ | ४२०००० |
| १४ | श्रीकालिकाआ.वि.झिलमिला | ७५ | २५ | १ | १४०००० |
| | **जम्मा** | ४०२८ | ४१ | ४३ | ६३५४४०० |

उल्लिखित विवरण अनुसार श्री कालिका आ वि र बैजनाथ मा वि मा प्रति शिक्षक २५ र २७ विद्यार्थी भएको अवस्थामा समेत पालिका अनुदानमा क्रमस १ र २ शिक्षक राखेको देखियो। दरवन्दि तथा विद्यार्थी संख्या समेतलाई मध्येनजर गरी आवश्यकताको आधारमा पालिका अनुदानमा शिक्षक राख्नुपर्दछ।

## ५२ अनुदानको अनुगमन

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार रू.७१५७७०००।०० अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र स | विद्यालयलाई अनुदान | विद्यालय संख्या | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षक तलव भत्ता अनुदान | १४ | ३९८०००००० | ३९७९९००० | १००००० |
| २ | माध्यमिक शिक्षक तलव भत्ता अनुदान | १४ | १६६०००००० | १२३८३००० | ४२१७००० |
| ३ | प्रारम्भिक वाल विकास र विद्यालय कर्मचारी अनुदान | १४ | ५९२८००० | ५९२८००० | ० |
| ४ | पुर्ति विद्यार्थी लागत अनुदान | १४ | ९८७०००० | ८६८००० | ११९००० |
| ५ | पाठ्यपुस्तक अनुदान | १४ | २८८४००० | २४२२००० | ४६२००० |
| ६ | छात्रवृत्ति अनुदान | १४ | १०६३००० | ६१८००० | ४४५००० |
| ७ | पुस्कतकालय तथा आइसिटी अनुदान | १ | ६५०००० | ६५०००० | ० |
| ८ | विज्ञान प्रयोगशाला अनुदान | १ | ६५०००० | ६५०००० | ० |
| ९ | कार्य सम्पादनमा आधारित अनुदान | २ | ५००००० | ५००००० | ० |
| ११ | अङ्ग्रेजी गणित विज्ञान शिक्षक अनुदान | १४ | ३५१०००० | ३०२२००० | ४८८००० |
| १२ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १४ | ९१२००० | ८८८००० | २४००० |
| १७ | दिवा खाजा खर्च अनुदान | १४ | ५१४६००० | ३८४९००० | १२९७००० |
| जम्मा | | | | ७१५७७००० | |

## ५३ छात्रवृत्ति सहायता सार्वजनिकिकरण

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

## ५४ छात्रवृत्ति

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८०।८१ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार १४

विद्यालयहरुलाई छात्रवृत्ति वापतको रू. ६१८८००।०० निकासा गरेको छ।छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ।

| क्र स | विद्यालयको नाम | छात्रा संख्या | दलित छात्र संख्या | छात्रवृति वापत निकासा रकम |
|---|---|---|---|---|
| १ | रौलेश्वरमावि, बेलडाँडी | ११८ | ४४ | ६४८०० |
| २ | सरस्वती जनता मावि, बैबाह | १५० | ३५ | ७४००० |
| ३ | सिंहपाल आवि, चन्दनवस्ती | ९२ | ४६ | ५५२०० |
| ४ | सरस्वती मावि, झरनासागर | १४५ | २० | ६६००० |
| ५ | कालिका आवि, चन्दनवस्ती | ६७ | ३२ | ३९६०० |
| ६ | सिद्धनाथ आवि, सिद्धचोक | ५८ | ३ | २४४०० |
| ७ | राधाकृष्ण जनप्रिय आवि, बैबाह | ६७ | ० | २६८०० |
| ८ | कञ्चन आवि, चन्दनवस्ती | ३५ | २४ | २३६०० |
| ९ | त्रिशुली आवि, चवन्नी | ३९ | १० | १९६०० |
| १० | सिद्धनाथ मावि, चौफेरी | १६४ | ८ | ६८८०० |
| ११ | शैलेश्वरी आवि, ढकनिया | १०८ | २० | ५१२०० |
| १२ | गणेश मावि, भुर्षा | ७७ | १४ | ३६४०० |
| १३ | बैजनाथ मावि, झिलमिला | ११७ | १७ | ५३६०० |
| १४ | कालिका आवि, झिलमिला | ३२ | ५ | १४८०० |
| **जम्मा** | | १२६९ | २७८ | ६१८८०० |

५५ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रहरुमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका १४ सामुदायिक विद्यालयहरुमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार ४०२८ विद्यार्थीहरु अध्ययनरत छन् र शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | विद्यालयको नाम | पदपुर्ती | | | | | कूल विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | नीजि स्रोत | जम्मा | | |
| १ | श्री रौलेश्वर मा विबेलडाँडी २ | ८ | ६ | ० | ० | १४ | ५५७ | ४० |
| २ | श्री सरस्वती जनता मा विबेलडाँडी ४ वैवाहा | ७ | ५ | ० | ० | १२ | ६१४ | ५१ |
| ३ | श्री सिंहपाल आ वि बेलडाँडी२ चन्दनबस्ती | ६ | १ | ० | ० | ७ | २१५ | ३१ |
| ४ | श्रीसरस्वतीमा वि बेलडाँडी १ झरनासागर | ५ | ४ | ० | ० | ९ | ४६६ | ५२ |
| ५ | श्रीकालिका आ वि बेलडाँडी १ चन्दनबस्ती | २ | १ | ० | ० | ३ | १७९ | ६० |
| ६ | श्रीसिद्धनाथ आ.वि.बेलडाँडी -१ सिद्धचोक | १ | २ | ० | ० | ३ | १४० | ४७ |
| ७ | श्री राधाकृष्ण जनप्रिय आ विबेलडाँडी ३ | १ | २ | ० | ० | ३ | १९२ | ६४ |
| ८ | श्री कञ्चनआ वि बेलडाँडी २ | १ | १ | ० | ० | २ | ८४ | ४२ |
| ९ | श्री त्रिशुली आ वि बेलडाँडी२ चवन्नी | १ | २ | ० | ० | ३ | ११० | ३७ |
| १० | श्री सिद्धनाथ मावि बेलडाँडी ३ चौफेरी | ५ | ३ | ० | ० | ८ | ४४० | ५५ |
| ११ | श्रीशैलेश्वरी आ वि बेलडाँडी २ ढकनिया | १ | ० | ० | ० | १ | २४५ | २४५ |
| १२ | श्री गणेश मा विबेलडाँडी ५ भुर्षा | ८ | ५ | ० | ० | १३ | ३५० | २७ |
| १३ | श्री वैजनाथ मा वि बेलडाँडी५ झिल्मिला | ५ | ४ | ० | ० | ९ | ३६१ | ४० |
| १४ | श्रीकालिका आ वि बेलडाँडी ५ झिल्मिला | ३ | ० | ० | ० | ३ | ७५ | २५ |
| जम्मा | | ५४ | ३६ | ७ | ० | ९७ | ४०२८ | ४१ |

उल्लिखित विवरण अनुसार श्री शैलेश्वरी आ वि बेलडाँडी २ मा प्रति शिक्षक २४५ विद्यार्थी अर्थात मापदण्ड भन्दा अस्वभाविक धेरै र श्री गणेश मा वि बेलडाँडी ५, श्री कालिका आ वि बेलडाँडी ५ मा मापदण्ड भन्द कम विद्यार्थी संख्या देखियो। शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

## ५६ दिवा खाजा

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८०।८१ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजाको लागि स्थानीय तहले विद्यालयलाई रकम निकासा गर्दा पहिलो त्रैमासिकको लागि प्रति विद्यार्थी वार्षिक १८० दिन उपस्थित हुने आधारमा रकम निकासा गर्ने र दोस्रो त्रैमासिक देखि भौतिक रुपमा पूरा समय चलेको दिन(परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भई अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित भएपश्चात मात्र थप रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार १४ विद्यालयको लागि रू रू. ३८४९७३५।०० दिवा खाजा वापत विद्यालयहरुलाई रकम निकासा गरेको देखियो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य सम्बन्धित निकायबाट प्रभावकारी रुपमा अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरी सही सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | बाल विकास देखि पाँच कक्षा सम्म अध्ययनरत विद्यार्थी संख्या | पहिलो त्रैमासिकमा भएको निकासा | दोस्रो त्रैमासिकमा भएको निकासा | तेस्रो त्रैमासिकमा भएको निका | चौथौ त्रैमासिकमा भएको निकासा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | श्रीरौलेश्वर मा.वि.बेलडाँडी | ७६ | ५६२६५ | ३७८०० | ३९३०० | ३६७९५ | १७०१६० |
| २ | श्रीसरस्वती जनता मा.वि.वैवाह | १४४ | १०५०६० | ७५९७५ | ९०१५० | १०९५१५ | ३८०७०० |
| ३ | श्रीसिंहपाल आ.वि.चन्दनवस्ती | ११३ | ७२६४५ | ५३४६० | ६१२३० | ५५४१० | २४२७४५ |
| ४ | श्रीसरस्वती मा.वि.झरनासागर | ११६ | ८१३०० | ७०८९० | ७२३०० | ६६६७५ | २९११६५ |
| ५ | श्रीकालिका आ.वि.चन्दनवस्ती | १५२ | १२५३७० | ८६६४० | ९४८३० | ९४१४० | ४००९८० |
| ६ | श्रीसिद्धनाथ आ.वि.सिद्धचोक | ९० | ६१४४० | ४५५२५ | ५२३०५ | ३४१७० | १९३४४० |
| ७ | राधाकृष्णजनपृय आ.वि.वैवाह | १३१ | १०४४९० | ७५४६५ | ९२८८० | ५३२३५ | ३२६०७० |
| ८ | कंचनआ.वि.बेलडाँडी | ८४ | ४४५८० | ३८३८५ | ४३७७० | २६५०५ | १५३२४० |
| ९ | श्रीत्रिशुली आ.वि.चवन्नी | ११० | ८१३३० | ६२८६५ | ६९४८० | ४६८७५ | २६०५५० |
| १० | श्रीसिद्धनाथ मा.वि.चौफेरी | १९७ | १२९६४५ | ९३२४० | १०७८६५ | ९३१२० | ४२३८७० |
| ११ | श्रीशैलेश्वरी आ.वि.ढकनिया | १५७ | ११३५८० | ८१७८० | ९९०१५ | ७०७४० | ३६५११५ |
| १२ | श्री गणेशमा.वि.भुर्षा | ११२ | ६३६०० | ४७१७५ | ४५४०५ | ४३५४५ | १९९७२५ |
| १३ | श्रीबैजनाथ मा.वि.झिलमिला | १११ | ९३९९० | ५८३९५ | ७१२५० | ५१९४५ | २७५५८० |
| १४ | श्रीकालिका आ.वि.झिलमिला | ७५ | ४८८५५ | ३३४८० | ३८७१५ | ४५३४५ | १६६३९५ |
| जम्मा | | १६६८ | ११८२१५० | ८६१०७५ | ९७८४९५ | ८२८०१५ | ३८४९७३५ |

५७ **आइसिटी ल्याव स्थापना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

| क्र.स. | विद्यालयकोनाम | कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | सिंहपाल आधारभूत विद्यालय चन्दनवस्ती | पुस्तकालय तथा ICT व्यवस्थापन | ६५०००० |
| २ | सरस्वती माध्यमिक विद्यालय झरनसागर | विज्ञान प्रयोगशाला | ६५०००० |

५८ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले आन्तरिक कारण देखाइ यस वर्ष स्यानिटरी प्याड खरिद गरेन।सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनवारीका समया आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न, गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न र महिनावारी व्यवस्थापन सामग्रीको दिगो विसर्जन तथा पुनःप्रयोग गर्न सकिने सामग्री प्रयोग गर्नेतर्फ उत्प्रेरित गर्ने तिर ध्यान दिनुपर्छ। पालिकाले समयमै प्याड खरिद स्कुलहरुलाइ वितरण गर्नुपर्छ।

५९ **सुशासनमा आधारित उत्कृष्ट कार्यसम्पादनमा आधारित अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८०।८१ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रयाकलाप नं. २.७.१३.१३ मा सामाजिक परीक्षणमा उच्चतम अङ्क प्राप्त गर्ने पहिलो र दोस्रो विद्यालयलाई रू. २ लाख देखि ३ लाख सम्म अनुदान दिन सक्ने र सो रकम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार कार्यान्वियन पुस्तिकामा तोकिएको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था छ।विद्यालयले सम्पादित कार्यक आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मावन स्रोत विकास केन्द्रलाई पठाउनु पर्ने र स्थानीय तहले प्रस्तावन अनुसार अनुदानको उपयोगको अवस्थाको नियमिति अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्न विद्यालयहरुलाई यो अनुदान रकम दिएको देखिएकोमा उल्लिखित व्यवस्था अनुसार विद्यालयले आवधिक प्रतिवेदन पालिकालाई नपठाउनुका साथै पालिकाबाट समेत नियमित अनुगमन भएको प्रमाण पेश हुन सकेन। तसर्थ कार्यन्वयन पुस्तिका अनुसार अनुगमन गरी अनुदानको अपेक्षित उपयोगको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

| सिं.नं. | विद्यालयको नाम | पालिकाबाट छनौट/राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | सरस्वती जनता मावि बैबाह | ससर्त बजेट तर पालिकाबाट छनौट | सुशासनमा आधारित उत्कृष्ट कार्यसम्पादनमा आधारित अनुदान | ३००००० |
| २ | गणेश मावि भुर्षा | ससर्त बजेट तर पालिकाबाट छनौट | सुशासनमा आधारित उत्कृष्ट कार्यसम्पादनमा आधारित अनुदान | २००००० |

६० **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ वटा सामुदायिक विद्यालयमा ९८ शिक्षक दरवन्दी रहेकोमा ९७ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यार्थी संख्या अनुसार शिक्षकको पदपुर्ति हुनुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | | पदपुर्ती | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजी स्रोत | जम्मा | स्थायी | राहत | करार | निजी स्रोत | जम्मा |
| १ | श्री रौलेश्वर मा विबेलडाँडी २ | ८ | ६ | ० | ० | १४ | ८ | ६ | ० | ० | १४ |
| २ | श्री सरस्वती जनता मा विबेलडाँडी ४ वैवाहा | ७ | ५ | ० | ० | १२ | ७ | ५ | ० | ० | १२ |
| ३ | श्री सिंहपाल आ वि बेलडाँडी२ चन्दनबस्ती | ६ | १ | १ | ० | ८ | ६ | १ | ० | ० | ७ |
| ४ | श्रीसरस्वतीमा वि बेलडाँडी १ झरनासागर | ५ | ४ | १ | ० | १० | ५ | ४ | ० | ० | ९ |
| ५ | श्रीकालिका आ वि बेलडाँडी १ चन्दनबस्ती | २ | १ | ० | ० | ३ | २ | १ | ० | ० | ३ |
| ६ | श्रीसिद्धनाथ आ.वि.बेलडाँडी -१ सिद्धचोक | १ | २ | १ | ० | ४ | १ | २ | ० | ० | ३ |
| ७ | श्री राधाकृष्ण जनप्रिय आ विबेलडाँडी ३ | १ | २ | १ | ० | ४ | १ | २ | ० | ० | ३ |
| ८ | श्री कञ्चनआ वि बेलडाँडी २ | १ | १ | ० | ० | २ | १ | १ | ० | ० | २ |
| ९ | श्री त्रिशुली आ वि बेलडाँडी२ चवन्नी | १ | २ | ० | ० | ३ | १ | २ | ० | ० | ३ |
| १० | श्री सिद्धनाथ मावि बेलडाँडी ३ चौफेरी | ५ | ३ | १ | ० | ९ | ५ | ३ | ० | ० | ८ |
| ११ | श्रीशैलेश्वरी आ वि बेलडाँडी २ ढकनिया | १ | ० | १ | ० | २ | १ | ० | ० | ० | १ |
| १२ | श्री गणेश मा विबेलडाँडी ५ भुर्षा | ८ | ६ | ० | ० | १४ | ८ | ५ | ० | ० | १३ |
| १३ | श्री वैजनाथ मा वि बेलडाँडी५ झिल्मिला | ५ | ४ | १ | ० | १० | ५ | ४ | ० | ० | ९ |
| १४ | श्रीकालिका आ वि बेलडाँडी ५ झिल्मिला | ३ | ० | ० | ० | ३ | ३ | ० | ० | ० | ३ |
| जम्मा | | ५४ | ३७ | ७ | ० | ९८ | ५४ | ३६ | ७ | ० | ९७ |

## ६१ प्रति विद्यार्थी लागत

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका १४ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार १४ सामुदायिक विद्यालय (वाल विकास केन्द्र समेत) लाई यो वर्ष कूल रू. ८ करोड ४१ लाख ६२ हजार (पालिका अनुदान समेत) चालु खर्चको लागि भएको निकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो। प्राप्त विवरण अनुसार श्री श्री कालिका आ वि बेलडाँडी ५, झिल्मिलामा प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू. ५१६४९।०० र श्री शैलेश्वरी आ वि बेलडाँडी २, ढकनियामा सबै भन्दा कम रू. १५५६०।०० देखिएको छ। प्रति विद्यार्थी लागतमा अस्वभाविक भिन्नता देखिनु मनासिव देखिदैन। अस्वभाविक प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ।

| सि.न. | विद्यालयको नाम | विद्यालयगत जम्मा चालु निकासा रकम | विद्यार्थि संख्या | प्रति विद्यार्थि लागत |
|---|---|---|---|---|
| १ | श्री रौलेश्वर मा वि बेलडाँडी २ | ११७८३९२९ | ५४२ | २१७४२ |
| २ | श्री वैजनाथ मा वि बेलडाँडी ५ झिल्मिला | ७१६१८७८ | ३२२ | २२२४२ |
| ३ | श्री गणेश मा वि बेलडाँडी ५ भुर्षा | १०७९८८८१ | ३३४ | ३२३३२ |
| ४ | श्री सिद्धनाथ मा वि बेलडाँडी ३ चौफेरी | ७६६९५८८ | ४०८ | १८७९८ |
| ५ | श्री सरस्वती मा वि बेलडाँडी १ झरनासागर | ८९०४००८ | ४४९ | १९८३१ |
| ६ | श्री सरस्वती जनता मा वि बेलडाँडी ४ वैवाहा | १०१०५७४३ | ५९७ | १६९२८ |
| ७ | श्री सिद्धनाथ आ.वि. बेलडाँडी -१ सिद्धचोक | ५९४५५४३ | ११६ | ५१२५५ |
| ८ | श्री शैलेश्वरी आ वि बेलडाँडी २ ढकनिया | ३२६७६६२ | २१० | १५५६० |
| ९ | श्री सिंहपाल आ वि बेलडाँडी २ चन्दनबस्ती | ३१६४८४७ | १९० | १६६५७ |
| १० | श्री त्रिशुली आ वि बेलडाँडी २ चवन्नी | ३१६१५१३ | ७७ | ४१०५९ |
| ११ | श्री कालिका आ वि बेलडाँडी १ चन्दनबस्ती | ३४०५७८९ | १३७ | २४८६० |
| १२ | श्री कालिका आ वि बेलडाँडी ५ झिल्मिला | २७८९०६० | ५४ | ५१६४९ |
| १३ | श्री राधाकृष्ण जनप्रिय आ वि बेलडाँडी ३ | ३७७२४५४ | १६० | २३५७८ |
| १४ | श्री कञ्चन आ वि बेलडाँडी २ | २२३११८३ | ६५ | ३४३२६ |
| जम्मा | | ८४१६२०७८ | ३६६१ | २२९८९ |

६२ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले उक्त प्रक्रिया वेगर निम्नानुसार रु.१६६४७१६।०० को औषधिजन्य सामग्री खरिद गरेको देखियो। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| **गो.भौ.नं. र मिति** | **औषधि आपुर्तिकर्ता** | **रकम रु.** |
|---|---|---|
| २९-०८१/०८/१५ | मेगा मेडिसिन सप्लायर्स र | १४८९४१।०० |
| | सहारा मेडिसिन डिष्ट्रिव्युटर्स | |
| १२३-०८१/०१/१० | यूनिग्लोव ड्रग सप्लायर्स | ८९९९६४।०० |
| १२४-०८१/०१/१० | मणिलेक मेडिसिन डिष्ट्रिव्युटर्स (न्यानो झोला) | २६६९९६।०० |
| १५९-०८१/०२/२१ | मेगा मेडिसिन सप्लायर्स | ५००००।०० |
| १६०-०८१/०२/२३ | यू.डि सर्जिकल | ८५२८०।०० |
| १८९-०८१/०३/०७ | बन्दना सर्जिकल सप्लायर्स | ६१४४६।०० |
| २३२-०८१/०३/१८ | मेगा मेडिसिन सप्लायर्स | ३०१०३०।०० |
| | जम्मा | १६६४७१६।०० |

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### ६३ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा यो वर्ष प्रति थान रू.७८७।६० का दरले ३०० थान रू.२३६१००।००मा खरिद गरेकोमा यस वर्ष २४१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ५९ थान न्यानो झोला मौज्दातमा रहेका छन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

### ६४ स्वास्थ्य कार्यक्रम सञ्चालन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक बर्ष २०८०/०८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रमका लागि जारी सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपियोडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्वन्धी विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। साथै यसरी कार्यान्वियन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष स्वास्थ्य सँग सम्बन्धित निम्नानुसार कार्य गरेकोमा मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्याङ्कन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। कार्याविधि अनुसार नियमित अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्दि गर्नुपर्दछ।

| सि.न. | कार्यक्रमको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | मातृ तथा नव शिशु अन्तर्गत अल्ट्रा साउण्ड कार्यक्रम | ५०००००।०० | ५०००००।०० |
| २ | मातृ तथा नव शिशु अन्तर्गत PNC home visit | १४३०००।०० | १४००००।०० |
| ३ | क्षयरोग कार्यक्रम अन्तर्गत समुदायमा क्षयरोग खोजपड्ताल | ५६०००।०० | ४१०००।०० |
| ४ | नियमित खोप कार्यक्रम अन्तर्गत पूर्णखोप सुनिस्चता एबं दिगोपना | १०४०००।०० | ६९०००।०० |
| ५ | आमा सुरक्षा कार्यक्रम अन्तरगत उत्प्रेरणा प्रोत्साहन , न्यानोझोला खरिद तथा गर्भपतन | १९४४०००।०० | १३६३०००।०० |
| ६ | कोभिड १९ बिरुद्ध खोप अभियान तथा दादुरा रुबेलाखोप अभियान संचालन एबम ब्यबस्थापन | १४५०००।०० | १२८०००।०० |
| ७ | चार कडारोग मृगौलाप्रत्यारोपण,डाइलाइसिस क्यान्सर र मेरुदण्ड पक्षघात बिरामी लाई औषधि उपचार खर्च बाफत मासिक ५ हजार | ६८००००।०० | ६८००००।०० |
| | जम्मा | ३५७२०००।०० | २९२१०००।०० |

## ६५ त्रैमासिक वितरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ५ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रू.२३०९५७७७।०० दोस्रो त्रैमासिकमा रू.२३४१०९२२७।०० तेस्रो त्रैमासिकमा रू.२३५१०५४५।०० र चौथो त्रैमासिकमा रू.२४०१३४३७।०० समेत रू.९४०१४८५८।०० निकासा गरेको छ।

| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्माखर्च |
|---|---|---|---|---|---|
| वडा नं १ | ६०१६४८६ | ६०३००२९ | ६०१६३६५ | ६०८७५६९ | २४१५०४४९ |
| वडा नं २ | ७२२८५६७ | ७३९६०५२ | ७४५३३६६ | ७६७३८३२ | २९७५१८१७ |
| वडा नं ३ | ३८८६२२६ | ३९३८७९७ | ३९५६७४३ | ४०१४८४१ | १५७९६६०७ |
| वडा नं ४ | १८५४३६४ | १८८८६०० | १९०००७१ | १९३१६७४ | ७५७४७०९ |
| वडा नं ५ | ४०९४३११ | ४१५७४४४ | ४१८४००० | ४३०५५२१ | १६७४१२७६ |
| जम्मा | २३०७९९५४ | २३४१०९२२ | २३५१०५४५ | २४०१३४३७ | ९४०१४८५८ |

## ६६ वर्गगत सामाजिक सुरक्षा खर्च

यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा १ वटा बैँकबाट मात्र जम्मा रू.९४०१४८५८ वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

| सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायमसंङ्ख्या | वितरणगरेको संङ्ख्या | निकासा रकम | वितरणगरेको रकम | फिर्ता |
|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ५०५५ | ५०४२ | ६००६०६९३ | ५९९५९८६८ | १००८२५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७३५ | ७३३ | ५७७२०३४ | ५७५८९०० | १३१३४ |
| जेष्ठ नागरिक एकल महिला | ७०७ | ७०६ | ५६१५७०३ | ५६१३०४३ | २६६० |
| विधवा | १७१४ | १७१२ | १३५६८६६० | १३५५५३६० | १३३०० |
| पूर्ण अपाङ्गता भत्ता | २६७ | २६५ | ३१७३६४६ | ३१४९७०६ | २३९४० |
| अति अशक्त अपाङ्गता भत्ता | ५६३ | ५६१ | ३५८१४२४ | ३५६८६५६ | १२७६८ |
| दलित बालबालिका | १५८२ | १५७४ | २४१८२३२ | २४०९३२५ | ८९०७ |
| जम्मा | १०६२३ | १०५९३ | ९४१९०३९२ | ९४०१४८५८ | १७५५३४ |

६७ **पारदर्शिता**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

६८ **अनुगमन तथा निरीक्षण**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

६९ **के वाइ सी अद्यावधिक नभएको**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

७० **कृषि पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कृषि सम्बन्धी निम्नानुसार विभिन्न कार्यक्रममा रू.९०,९३,९००।०० खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरी कार्यक्रम सञ्चालन नगरि कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन गरी मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकिएको कार्यक्रममा खर्च भएको, खर्चबाट अपेक्षित प्रतिफल प्राप्त भएको सुनिश्चतता देखिदैन।तसर्थ संचालित कार्यक्रमको नियमित अनुगमन हुनुपर्दछ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गरी पारदर्शिता प्रवर्धन समेत गर्नुपर्दछ।

| क्र.सं. | पकेटको नाम | खर्च | लाभान्वित |
|---|---|---|---|
| १ | गहुँ पकेट (५०%) | ६०१०००।०० | हिमाल गहुँ पकेट २५ व्यक्ति र ३ समुह |
| २. | तरकारी पकेट (५०%) अनुदान | ४९६०००।०० | १ समुह र २५ व्यक्ति लाई वितरण गरेको |
| ३. | किसान सूचिकरण | २६६०००।०० | १५६५ जना किसान सूचिकरण गरिएको |
| ४ | मौसमी तथा वेमौसमी तरकारी खेती र तालिम तथा कार्यक्रम संचालन | ४०,०४०००।०० | |
| ५ | ५०% अनुदानमा तरकारीको बिउ बितरण | २,६२,५००।०० | १५० व्यक्ति र १२ समुहमा (सवै वडा) |
| ६ | ५०% अनुदानमा प्लास्टिक बितरण | २,२८,०००।०० | ७ व्यक्ति र २९ समुह |
| ७ | ५०% अनुदानमा प्लास्टिक बितरण | २,२८,०००।०० | ७ व्यक्ति र २९ समुह |
| ८ | ८५% अनुदानमा टनेल वितरण | ३०,०८,४००।०० | २ फर्म र ६ समुह लाई |
| | जम्मा | ९०९३९००।०० | |

७१ **लघु उद्यम**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को तालिका नं. १ मा उद्यमी सिर्जना तथा स्तोरन्नतिका लागि बजेट तर्जुमाको दायरा उल्लेख गरेको छ। पालिकाले यो वर्ष यस कार्यक्रमको लागि निम्नानुसर शिप मुलक तालिम संचालनमा रू.८४०००००।०० खर्च गरेको देखिएकोमा उक्त तालिमबाट उद्यमीमा परेको प्रभावको मूल्यङ्कन गरिएको छैन। उल्लिखित कार्यक्रम प्रभावकारिता मूल्याङ्कन हुनुपर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. | खर्च रु. | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १ | उद्यमीहरुको स्तरोन्नती ( पुनर्ताजगी तथा एडभान्स सीप वाकास तालिम) (१००%) | २०००००।०० | २०००००।०० | १८ जना पुराना उद्यमी लाई |
| २ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागी समुहमा प्रविधि हस्तान्तरण (१००%) | १४००००।०० | १४००००।०० | १८ जनाको समुहमा |
| ३ | कम्तिमा १० जनालाई हुने गरी साझा सुविधा केन्द्रको स्थापना (१००%) | ५०००००।०० | ५०००००।०० | - |
| | जम्मा | ८४००००।०० | ८४००००।०० | |

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा सुचिकृत ६९४ बेरोजगार मध्ये यो वर्ष २० योजना सञ्चालन गरी २२६ जनालाई औसत ३५ दिनले ७६९४ दिन रोजगारी उपलव्ध गराई रु. ३९५४९५४।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब १६ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन।

रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| **वडा नं.** | **सुचिकृत बेरोजगार संख्या** | **रोजगार संख्या** | **रोजगार प्राप्त गरेको दिन** | **प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन** | **कुल खर्च** | **प्रति व्यक्ति रोजगारी आय** | **रोजगार प्रतिशत(%)** |
|---|---|---|---|---|---|---|---|
| १ | १३५ | ४० | १२३ | | ७१०३९४ | | २९% |
| २ | २२१ | ८७ | १६८ | | ११८८५२९ | | ३९% |
| ३ | ६२ | १० | ४१ | | २६७१९१ | | १६% |
| ४ | १३६ | २५ | ११६ | | ६२५२१९ | | १८% |
| ५ | १४० | ६४ | ६६ | | ११६३६२१ | | ४६% |
| **जम्मा** | ६९४ | २२६ | ५१४ | | ३९५४९५४।०० | | |

## ७३ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.३६५३५०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ७४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू. ८७ लाख ८० हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.७७ लाख ३ हजार मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ८७.७३ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | प्राप्ती |
|---|---|---|---|
| १ | सम्पती कर | ५,००,०००.०० | १९,९३,१४४.६० |
| २ | भुमिकर/मालपोत | १३,००,०००.०० | ४,४५,४८२.५० |
| ३ | वहाल कर | ५,००,०००.०० | ५,४३,३०३.९९ |
| ४ | वहाल विटौरी कर | ३०,०००.०० | ९६,२८९.०० |
| ५ | सवारी साधन कर (साना सवारी) | १,५०,०००.०० | ० |
| ६ | अन्य कर | १,२५,०००.०० | ७२,८८०.०० |
| ७ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४०,००,०००.०० | ४,९१,५२०.०० |
| ८ | पर्यटन शुल्क | ० | ९००. |
| ९ | अन्य बिक्रीबाट प्राप्त रकम | ५,०००.०० | ० |
| १० | विद्युत सेवा शुल्क | २०,०००.०० | १,०००.०० |
| ११ | अन्य सेवा शुल्क तथा बिक्री | १,००,०००.०० | २,५५,०००.०० |
| १२ | न्यायिक दस्तूर | ० | १००. |
| १३ | शिक्षा क्षेत्रको आम्दानी | ६५,०००.०० | ४,१००.०० |
| १४ | परीक्षा शुल्क | ६०,०००.०० | १,०००.०० |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | १,००,०००.०० | १,८९,३५०.०० |
| १६ | पार्किङ्ग शुल्क | ० | १,८५०.०० |
| १७ | नक्सापास दस्तुर | १,००,०००.०० | १४,२३२.०० |
| १८ | सिफारिश दस्तुर | ५,००,०००.०० | १२,८२,७५५.०० |
| १९ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,५०,०००.०० | २,९३,७७०.०० |
| २० | नाता प्रमाणित दस्तुर | ३०,०००.०० | ५३,१००.०० |
| २१ | अन्य दस्तुर | ४५,०००.०० | ५,०२,८०८.०० |
| २२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ३,६५,३५०.०० |
| २३ | विद्युत सम्बन्धी दस्तुर | ० | २,५००.०० |
| २४ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ४,५००.०० |
| २५ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६०,०००.०० | ० |
| २६ | धरौटी सदरस्याहा | ० | ४९,०००.०० |
| २७ | अन्य राजस्व | १,००,०००.०० | ६,५००.०० |
| २८ | सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ० | ८,२५,०३७.२० |
| २९ | व्यवसाय कर | ० | ६,२५०.०० |
| ३० | बेरूजू | ३,४०,०००.०० | २,०१,४५९.०० |
| | | | |

| | | |
|---|---|---|
| जम्मा | ८७,८०,०००.०० | ७७,०३,१८१.२९ |

७५ **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ्‌ वोर्ड ब्यानर तथा माईकिङ्‌ मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

७६ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

७७ **ढिला राजस्व दाखिला गरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तरगतका वडा कार्यालयहरुले उठाउने राजश्व रकम समयमै बैंक दाखिला गरेको देखिएन। उदाहरणहरुको रुपमा केही निम्नुसार उल्लेख गरिएको छ। नियम अनुसार समयमै राजश्व रकम बैंक दाखिला गर्नुपर्छ।

| वडा नं | राजश्व उठेको महिना | बैंक दाखिला गरेको मिति | राजश्व रकम रु. | जिम्मेवार वडा सचिव |
|---|---|---|---|---|
| १ | भदौ, असोज | असोज ५ | ५६८९९० | कमला बडाल |
| २ | कार्तिक, मंसिर | मंसिर २९ | २७४७५ | पुजा जोशी |

७८ **राजश्व अभिलेख**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म ले प फा न १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म ले प फा न १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका मलेप फारमहरु निर्धारण गरेको छ। कार्यालयबाट यस वर्ष जम्मा रू.७७०३१८१.२९ राजश्व आम्दानी गरेकोमा राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला हुने गरेको देखिएन। साथै उल्लिखित राजस्वका मलेप फारमहरु प्रयोगमा ल्याएको देखिएन जस्ले गर्दा राजस्वको अभिलेख व्यवस्थित भएको भन्न सकिने अवस्था देखिएन। साथै करदाताको लगत नहुँदा प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन। राजस्व सम्बन्धी तोकिएका फारमहरु प्रयोगमा ल्याई राजस्व अभिलेख व्यवस्थित बनाउनु पर्दछ।

७९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १५५८५९४६९।३७ | ७७०३१८१।२९ | ४.९४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.९४ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

### ८० खरिद सम्झौताको अन्त्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य गर्न सकिने व्यवस्था छ। सोही दफामा सार्वजनिक निकायले सार्वजनिक हित हुने भएमा र सम्बन्धित निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम नगरेको अवस्थामा खरिद सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ। त्यसैगरी सम्झौता गर्नेले सम्झौता बमोजिमको काम शुरु गरी बिचैमा छोडेमा खरिद सम्झौता अन्त्य हुने र सो काम बापत राखिएको पुरै जमानत जफत हुने व्यवस्था छ। पालिकाले २०७९।११।१२ मा खैरीघाट देखि बेलडाँडी बजार जोड्ने सडक आरसीसी निर्माण कार्य ईम्पोरियल महत्तो चेतना जेभी सँग भएकोमा निर्माण व्यवसायीले सम्झौताको म्याद थपको लागि पेश गरेको निवेदन उपर कार्यापालिकाको निर्णयले म्याद थप नगरी रू.२४६७९९५।०० पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्ने निर्णय बमोजिम यो वर्ष रू.७१२९६२०।०० को मुल्याङ्कनको कार्य गरी भुक्तानी गर्दा उक्त क्षतिपुर्ति वापत हुने रकम कट्टि गरी रू.४६६१६२५।०० मात्र भुक्तानी गरी कार्यपालिकाको निर्णयबाट ठेक्का सम्झौता अन्त्य गरेको देखियो। रू.२७८८८३५३।०० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०८१।०१।१३ मा कार्यपालिकाले निर्णय गरी समयमा सन्तोषजनक कार्य गर्न नसकेको बजेट समेत अभाव भएको कारण देखाई सम्झौता अन्त्य गरेको देखियो। निर्माण व्यवसायीले समयमा काम गरेको अवस्थामा बजेट अभाब हुने अवस्था नदेखिएता पनि पछिल्लो वर्ष सोही कार्यको लागि संघीय अनुदान प्राप्त नभएको अवस्थामा बजेट अभाव समेत भएको पालिकाबाट जानकारी प्राप्त भयो। पूर्वनिर्धारित क्षतिपुर्ति असुल गर्दा गरेको निर्णयमा निर्माण व्यवसायीको ढिलाई देखाएको अवस्थामा निर्माण व्यवसायीले नै खरिद सम्झौता अनुसारको कार्य गर्न नसकेको अवस्थामा पुर्व निर्धारित क्षतिपुर्ति असुल गर्नु भन्दा ऐनको व्यवस्था अनुसार कार्यसम्पादन जमानत जफत गर्नुपर्ने देखिन्छ। कार्य सम्पादन जमानत बापतको रू.४००८८७६।०० रहेको अवस्थामा कार्य सम्पादन जमानत जफत गर्नुपर्दछ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ समेतको कार्यान्वियन हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,०८,८७६ |

### ८१ मालसमान तथा उपकरण खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

| क्र स | भौ न तथा मिति | आपुर्तिकर्ताको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | २१।८।२० | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | १०००००।०० |
| २ | ४६।१०।५५ | हाइटेक कम्प्युटर सेन्टर | ल्यापटप खरिद | ९९८९२।०० |
| ३ | ४७।१०।२५ | आरम्भ ट्रेड कन्सर्न | कम्प्युटरजन्य सामाग्री | ६६९८१८।०० |
| ४ | ४८।१०।२५ | उग्रतारा ट्रेड सप्लायर्स | कम्प्युटर खरिद | २९३९९८।०० |
| ५ | ४८।१०।२५ | हाइटेक कम्प्युटर सेन्टर | ल्यापटप खरिद | १९००००।०० |
| ६ | ४९।१०।२५ | हाइटेक कम्प्युटर सेन्टर | ल्यापटप खरिद | २७१०७९।०० |
| ७ | ४९।१०।२५ | आरम्भ ट्रेड कन्सर्न | क्यामेरा माइक आदी खरिद | १२२६०५।०० |
| ८ | ५७।११।१४ | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | २९३९९८।०० |
| ९ | ६६।११।२१ | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | ३११३४१।०० |
| १० | ६८।११।२२ | थ्याङ्क्यु बिजनेस | प्रिन्टर्स खरिद | ६३८४५।०० |
| ११ | १९१।३।१९ | बोहोरा कन्स्ट्रक्सन | लय्यापटप खरिद | ९०४००।०० |
| १२ | २०६।३।२२ | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | ९९८६६।०० |
| १३ | २०६।३।२२ | आर एण्ड एन ईलेक्ट्रोनिक्स | ल्यापटप ब्याट्री खरिद | ९६५०२।०० |
| १४ | २०८।३।२२ | एभरेष्ट सोलार ईनर्जी एण्ड कम्पनी | सडक वत्ति जडान | ३९३०००।०० |
| १५ | २०९।३।२३ | एभरेष्ट बिजुली भण्डार | सडक बत्ति जडान | १९२१९०।०० |
| १६ | २१८।३।२३ | भविष्य कन्स्ट्रक्सन | सडक बत्ति जडान | १५९६०१।०० |

### ८२ पाइप खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट विभिन्न साइजका पाइपहरु खरिद गरी विभिन्न वडा अध्यक्षहरुलाई वितरण गरी खर्च लेखेकोमा पाईपहरुको माग विवरण, लागत अनुमान जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनु पर्दछ।

| क्रस स | भौ न मिति | आपुर्तिकर्ता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १७८।३।१५ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाईप खरिद | ४८५६५१।०० |
| २ | २०२।३।२२ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाईप खरिद | ५००००।०० |
| ३ | २१९।३।२९ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाईप खरिद | ३५५५९।०० |
| ४ | २४८।१।२९ | रिजन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाईप खरिद | ६७१३८९।00 |
| | | **जम्मा** | | **१२४२५९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४२,५९९ |

### ८३ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी

सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी समेतको निम्नानुसार मालसामान तथा निर्माण कार्य सोझै खरिद गरी कुल रू.१९२०२९४५।०० भुक्तानी गरेको देखियो। उक्त खरिदहरु मध्ये प्याकेजमा समावेश गर्न सकिने खरिदहरु ह्युम पाइप खरिद रू.१२४२५९९।०० र ल्यापटप तथा कम्प्युटरजन्य खरिद रू.२७०३३४४।०० लाई सोझै खरिदको सीमामा ल्याई खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु. अ. कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। साथै प्याकेजमा समावेश गर्न सकिने खरिद सोझै खरिद गरिएको कार्य नियमित हुनुपर्दछ।

| क्र स | भौ न तथा मिति | आपुर्तिकर्ता व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | ५।६।३० | जय जगन्नाथ निर्माण सेवा | वडा न २ विभिन्न स्थानमा सडक ग्रावेल | ९७७००७।०० |
| २ | ६।६।३० | सिद्दबाबा कन्स्ट्रक्सन | सिहंपाल नवजागरण टोलको विभिन्न ठाँउमा ग्रावेल | ४५६९९५।०० |
| ३ | ७।६।३० | गोपालञ्जल निर्माण सेवा | ढकनीया टोलका विभिन्न सडक ग्रावेल | ५६५९६१।०० |
| ४ | ८।६।३० | न्यू उग्रतारा निर्माण सेवा | वडा न २ मा क्याम्प देखि चवन्नी आउने बाटो ग्रावेलीङ | ४८०३१२।०० |
| ५ | २१७।३।२३ | नवरत्न कन्स्ट्रक्सन | वडा न २ को बाटो ग्रावेल | ६७२८५७।०० |
| ६ | २३७।३।२४ | महादेव समैजी कन्स्ट्रक्सन | वडा न ३ को सडक ग्रावेल | ३७२३९९।०० |
| | | **जम्मा** | | **३५२५५३१।००** |
| १ | ४।६।३० | ठकुरी कन्स्ट्रक्सन | वडा न ५ ढलान आरसीसी | ८४०४४४।०० |
| २ | ९।६।३० | बिआर कन्स्ट्रक्सन | ईमिलीया नन्दलाल रानाको घरदेखि दशरथ रानाको घर सम्म सडक निर्माण | ९६५५५०।०० |
| ३ | ६५।११।१७ | प्रश्ना निर्माण सेवा | गापा कार्यालय रंगरोगन | ३४२६१०।०० |
| ४ | १३५।२।२० | जय जगन्नाथ निर्माण सेवा | हुलाकि सडक सुक्कल सम्म माटो भरान र ह्युम पाइप जडान | ५५०४३३।०० |
| ५ | १५५।३।१० | ममताज कन्स्ट्रक्सन सर्भिसेज | वडा न ५ कार्यालय भवन पछाडी ह्युम पाइप जडान | ५२७९५६।०० |
| ६ | १५९।३।११ | भविष्य कन्स्ट्रक्सन | लक्षी गिरीको घर नजिकको ह्युम पाइप जडान | ७२८१७५।०० |
| ७ | १९७।३।२० | चाँदनी निर्माण सेवा | सिचाईघर झिलमिला चवन्नी बजार जोड्ने सडकमा ग्यावीन जाली | ९००७५८।०० |
| ८ | २१३।३।२३ | जेके ईन्जिनीयरीङ एसोसिएट्स प्रा लि | वडा न ४ को भवन बाउण्ड्री वाल निर्माण | ७६६७०२।०० |
| | | **जम्मा** | | **५६२२६२८।००** |
| १ | १७८।३।१५ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाइप खरिद | ४८५६५१।०० |
| २ | २०२।३।२२ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाइप खरिद | ५००००।०० |
| ३ | २१९।३।२३ | मालिकार्जुन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाइप खरिद | ३५५५९।०० |
| ४ | २१९।३।२३ | रिजन ह्युम पाइप एण्ड कंक्रिट उद्योग | ह्युम पाइप खरिद | ६७१३८९।०० |
| | | **जम्मा** | | **१२४२५९९।००** |
| १ | १०।६।३० | सरज सः मील तथा फर्निचर उद्योग | फर्निचर तथा सोफा टेवल खरिद | ४६८९५०।०० |
| २ | १९।८।१५ | प्रियंका फर्निचर उद्योग | फर्निचर खरिद | ४०९०६०।०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | १३।७।१५ | के डि अटोमोबाइल्स | मोटरसाइकल खरिद | २६१०००।०० |
| | | **जम्मा** | | **११३९०१०।००** |
| १ | २१।८।२० | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | १०००००।०० |
| २ | ४६।१०।५५ | हाइटेक कम्प्युटर सेन्टर | ल्यापटप खरिद | ९९८९२।०० |
| ३ | ४७।१०।२५ | आरम्भ ट्रेड कन्सर्न | कम्प्युटरजन्य सामाग्री | ६६९८१८।०० |
| ४ | ४८।१०।२५ | उग्रतारा ट्रेड सप्लायर्स | कम्प्युटर खरिद | २९३९९८।०० |
| ५ | ४८।१०।२५ | हाइटेक कम्प्युटर सेन्टर | ल्यापटप खरिद | १९००००।०० |
| ६ | ४९।१०।२५ | हाइटेक कम्प्युटर सेन्टर | ल्यापटप खरिद | २७१०७९।०० |
| ७ | ४९।१०।२५ | आरम्भ ट्रेड कन्सर्न | क्यामेरा माइक आदी खरिद | १२२६०५।०० |
| ८ | ५७।११।१४ | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | २९३९९८।०० |
| ९ | ६६।११।२१ | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | ३११३४१।०० |
| १० | ६८।११।२२ | थ्याङ्क्यु बिजनेस | प्रिन्टर्स खरिद | ६३८४५।०० |
| ११ | १९१।३।१९ | बोहोरा कन्स्ट्रक्सन | लय्यापटप खरिद | ९०४००।०० |
| १२ | २०६।३।२२ | उग्रतारा ट्रेड सप्लायर्स | ल्यापटप खरिद | ९९८६६।०० |
| १३ | २०६।३।२२ | आर एण्ड एन ईलेक्ट्रोनिक्स | ल्यापटप ब्याट्री खरिद | ९६५०२।०० |
| | | **जम्मा** | | **२७०३३४४।००** |
| १ | २०८।३।२२ | एभरेष्ट सोलार ईनर्जी एण्ड कम्पनी | सडक वत्ति जडान | ३९३०००।०० |
| २ | २०९।३।२३ | एभरेष्ट बिजुली भण्डार | सडक बत्ति जडान | १९२१९०।०० |
| ३ | २१८।३।२३ | भविष्य कन्स्ट्रक्सन | सडक बत्ति जडान | १५९६०१।०० |
| | | **जम्मा** | | **७४४७९१।००** |
| १ | ५२।१०।२५ | टिकेजी ईन्जिनीयरीङ् सर्भिसेज एण्ड कन्स्ट्रक्सन सप्लार्यस | डिपिआर बेलडाँडी गा पा रिङरोड | ४९३८६०।०० |
| २ | १९४।३।२३ | घण्टेश्वर ईन्जिनीयरीङ् शोलुशन प्रा लि | स्थानीय तह भूउपयोग योजना निर्माण | ५३२८५९।०० |
| ३ | ११४।१।२५ | ओराकल कन्सल्टेण्ट एण्ड विल्डर्स प्रा लि | वडा २ कोल्ड स्टोर निर्माण | २१६८४७।०० |
| ४ | १२२।२।१४ | ईएफआइ नेपाल | यातायात गुरुयोजना निर्माण | १४९४९९०।०० |
| ५ | १८४।३।१८ | ईएफआइ नेपाल | डीपिआर निर्माण चवन्नि देखि लक्ष्मीटोल सम्म सडक निर्माण | ४८७००१।०० |
| ६ | २३७।३।२४ | ड्रिम मेकर्स ईन्जिनीयरिङ प्रा लि | आईई तयारी गापाको रिङरोड | ९९९४८५।०० |
| | | **जम्मा** | | **४२२५०४२।००** |
| | | **कुल जम्मा** | | **१९२०२९४५।००** |

| | |
|---|---|
| अनियमित भएको | ३९,४५,९४३ |

८४ **डी पि आर निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले गत वर्ष निर्माण गरेका निम्नानुसार डिपिआर वापत रू३९३३८००।०० खर्च भएको अवस्थामा कुनै पनि डिपिआर गर्नुको प्रयोजन पुरा हुने गरी कार्यान्वयनमा ल्याएको देखिएन। तर यो वर्ष पुनः निम्नानुसार रू.४२२५०४२।०० को डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ। साथै लेखापरीक्षणको क्रममा सम्बन्धित प्राविधिक उपस्थित हुन नसकिएकोले निम्नानुसार कैफियतमा उल्लेख भएका डिपिआरको लागत अनुमान लगायतका दस्तावेज प्राप्त हुन सकेन। तसर्थ डिपिआर सम्बद्ध प्रतिवेदनहरु पेश हुनुपर्दछ अन्यथा भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

| **यो वर्ष** | | | | |
|---|---|---|---|---|
| डीपिआर भएका कार्यहरु | डिपिआर गर्ने फर्म | भएको खर्च | डिपिआरबाट कायम ल ई | कैफियत |
| टिकेजी ईन्जिनीयरीङ् सर्भिसेज एण्ड कन्स्ट्रक्सन सप्लार्यस | डिपिआर बेलडाँडी गा पा रिङरोड | ४९३८६०।०० | | लेखापरीक्षणको क्रममा पेश नभएको |
| घण्टेश्वर ईन्जिनीयरीङ् शोलुशन प्रा लि | स्थानीय तह भूउपयोग योजना निर्माण | ५३२८५९।०० | | लेखापरीक्षणको क्रममा पेश नभएको |
| ओराकल कन्सल्टेण्ट एण्ड विल्डर्स प्रा लि | वडा २ कोल्ड स्टोर निर्माण | २१६८४७।०० | | लेखापरीक्षणको क्रममा पेश नभएको |
| ईएफआइ नेपाल | यातायात गुरुयोजना निर्माण | १४९४९९०।०० | | |
| ईएफआइ नेपाल | डीपिआर निर्माण चवन्नि देखि लक्ष्मीटोल सम्म सडक निर्माण | ४८७००१।०० | २५८३१९०००।०० | |
| ड्रिम मेकर्स ईन्जिनीयरिङ प्रा लि | आईई तयारी गापाको रिङरोड | ९९९४८५।०० | १३७०८३४४४७।०० | |
| जम्मा | | ४२२५०४२।०० | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४३,५६६ |

८५ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सडक विभागबाट जारी Standard Specification of Road and Bridge works, 2073 को बुदा नं १२०१ मा सडकमा गरिने ग्रावेलको गुणस्तर सम्बन्धमा व्यख्या गरिएको छ। सोको लागि आवश्यक पर्ने फिल्ड डेन्सिटी टेस्ट, म्याटेरियल आइडेन्टिफिकेशन टेस्ट जस्ता परिक्षणको फ्रिक्वेन्सी समेत तोकिएको छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु मार्फत सडक ग्रावेल गर्ने कार्य गरिएकोमा सडक विभागले तोकेको गुणस्तर

परिक्षण गरेको देखिने टेस्ट रिपोर्टहरु स्रेस्तासाथ संलग्न गरेको देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गरेको सुनिश्चतता हुनुपर्दछ।

| क्र स | योजनाको नाम | काम गर्ने व्यक्ति | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | जय जगन्नाथ निर्माण सेवा | वडा न २ विभिन्न स्थानमा सडक ग्रावेल | ९७७००७।०० |
| २ | सिद्दबाबा कन्स्ट्रक्सन | सिहंपाल नवजागरण टोलको विभिन्न ठाँउमा ग्रावेल | ४५६९९५।०० |
| ३ | गोपालञ्जल निर्माण सेवा | ढकनीया टोलका विभिन्न सडक ग्रावेल | ५६५९६१।०० |
| ४ | न्यू उग्रतारा निर्माण सेवा | वडा न २ मा क्याम्प देखि चवन्नी आउने बाटो ग्रावेलीङ | ४८०३१२।०० |
| ५ | नवरत्न कन्स्ट्रक्सन | वडा न २ को बाटो ग्रावेल | ६७२८५७।०० |
| ६ | महादेव समैजी कन्स्ट्रक्सन | वडा न ३ को सडक ग्रावेल | ३७२३९९।०० |
| ७ | उपभोक्ता समिति | बल्ल रानाको खेत देखि जगदिस राना | ३६९९८२।०० |
| ८ | उपभोक्ता समिति | वडा न १ मा ग्रावेल कार्य | १८७४८०।०० |
| ९ | उपभोक्ता समिति | वडा न १ मा ग्रावेल कार्य | १८७२१३।०० |
| १० | उपभोक्ता समिति | सिद्दचोक देखि देवसिह ठगुन्ना जब्दि सडक ग्रावेल | १८८८६२।०० |
| ११ | उपभोक्ता समिति | नरेशदत्तको घर देखि पदम कुवरको घर सम्म सडक ग्रावेल | १९०८९२।०० |
| १२ | उपभोक्ता समिति | टेक व शाह देखि कलक शाहको घर सम्म ग्रावेल | ३३३६०९।०० |
| १३ | उपभोक्ता समिति | विशाल खड्काको घर देखि काठेपुल सम्म ग्रावे | १४३१२४।०० |
| १४ | उपभोक्ता समिति | नहर देखि प्रकाश चौधरीको घर सम्म ग्रावे | २३९५१९।०० |
| १५ | उपभोक्ता समिति | विर ब बिष्टको घर देखि जय ब कुवरको घर सम्म माटो भरना तथा ग्रावेल | ४८७०००।०० |
| १६ | उपभोक्ता समिति | सिचाई घर देखि झिलमिला सडक ग्रावेल | २४३४५५।०० |
| | | जम्मा | ६०९६६६७।०० |

८६ **संयुक्त उपक्रमबाट खरिद**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०(ख) मा दुई वा सो भन्दा बढि व्यक्तिले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम खडा गरेमा अस्थायी रुपमा दर्ता हुने र दर्ता भएको संयुक्त उपक्रमले उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेजी हुने व्यवस्था छ। उल्लिखित व्यवस्थाले कुनै एक खरिद कार्यका लागि निश्चित अवधिका लागि संयुक्त उपक्रम मु.अ.करमा दर्ता भई कारोबार गर्न पाउने देखिन्छ। उल्लिखित प्रावधान विपरीत देहायका संयुक्त उपक्रमबाट एक भन्दा धेरै पटक निर्माण कार्यको ठेक्का लिएको देखियो। उक्त जेभी कम्पनीहरुले मुअकरमा दर्ता गर्दा गरिएको सम्झौताको अवधि अनन्तकाल सम्म राखिएको स्वभाविक देखिदैन। यसरी कुनै एक कार्य गर्न तोकिएको अवधिको लागि खडा गरेको संयुक्त उपक्रम सोहि कार्य समाप्त भएपछि स्वतः रद्द हुनुपर्नेमा स्थायी रुपमा निरन्तर अस्तित्वमा रहने अभ्यास नियम अनुसार भएको देखिदैन। जेभी दर्ता हुदा पेश भएको सम्झौता अनुसार नै जेभीको अस्तित्व कायम हुनु पर्दछ।

| सि.नं. | कामको विवरण | निर्माण व्यवसायीकोनाम र ठेगाना | सम्झौता रकम |
|---|---|---|---|
| १ | वडा न ३ को कार्यालय भवन निर्माण | जेकेईए एसबीडी जेभी | ८१४२२९१।०० |
| २ | वडा न ३ को कार्यालय भवन निर्माण | जेकेईए एसबीडी जेभी | ८२०२१७२ |

८७ **न्यून प्रगति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सार्वजनिक निकायले सम्झौता अनुसार उपलब्ध गर्नुपर्ने कुनै कुरा उपलब्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भई समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले यस नियम बमोजिमको म्याद थप सम्बन्धी कारवाही टुंग्याउनु पर्ने व्यवस्था छ। १५ सैयाको अस्पताल भवन निर्माण कार्यको लागि रू.१६५१६२५७७।०० मा मिति २०७९।८।६ गते २०८१।८।६ सम्म सम्पन्न गर्ने निर्माण व्यवसायी बंगलामुखी बैजनाथ जेभी संग सम्झौता भएकोमा सम्झौता अवधिमा कुनै वित्तीय प्रगति हुन सकेको देखिएन। कार्यपालिकाले २०८२।१।३० सम्म म्याद थप गरेकोमा थप म्याद सकिन ४ महिना मात्रै बाकी रहदा सम्म समेत कुनै वित्तीय प्रगति भएको देखिएन। भौतिक परिक्षणको क्रम निर्माण स्थलमा एक तला ढलान हुने क्रममा रहेको देखियो। खरिद सम्झौता अनुसारको कार्य प्रगति हुनुपर्दछ।

## ८८ बोलपत्रको मुल्याङ्कन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३८ प्रतिशत देखि ४६ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५४ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भावित जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| क्र स | कामको विवरण | निर्माण ब्यबसायीको नामर ठेगाना | सम्झौतार भुक्तानी सम्बन्धी विवरण | | लागत अनुमान भन्दा कवोल अङ्क घटेको प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लागत अनुमान विवरण | सम्झौतारकम | |
| १ | झिलमिला सिचाई हुदै चवन्नी बजार सम्म सडक स्तरोन्नतिपहिलो चरण | दोगडा भूमिराज कन्स्ट्रक्सन | ९७४०७४३।०० | ५३६७४३२।०० | ४५ |
| २ | झिलमिला सिचाई हुदै चवन्नी बजार सम्म सडक स्तरोन्नति दोस्रो चरण | न्यू हुनैनाथ निर्माण सेवा | ४३४२०७६।०० | २३९७५७०।०० | ४५ |
| ३ | वडा न ४ को वडा कार्यालय भवन निर्माण | जेकेईए एसविडी जे भी | १३१४१६७२।०० | ८१४१२९१।०० | ३८ |
| ४ | वडा न ५ को वडा कार्यालय भवन निर्माण | जेकेईए एसविडी जे भी | १३३१७०८५।०० | ८२०२१७२।०० | ३९ |

## ८९ निर्माण पूर्व तयारी

सार्वजनिक खरिन नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था गरे पश्चात मात्र बोलपत्र आहवान गर्नुपर्ने व्यवस्था छ। वडा न ३ को कार्यालय भवन निर्माणको लागि मिति २०८०।१२।२९ मा रू.८२०२१७२।०० मा जेकेईए

एसविडी जेभी संग सम्झौता भएकोमा निर्माण स्थलमा जमिन भासिने तथा दलदले प्रकृतिको भएको कारणले निर्माण नहुन सक्ने भनि निर्माण कार्य लेखापरीक्षण अवधि सम्म शुरु हुन सकेको देखिएन। निर्माण स्थल सुनिश्चित नभई बजेट विनियोजन तथा योजना तर्जुमा तथा स्वीकृत गर्ने पद्दतिमा नियन्त्रण गर्न पालिकाको ध्यान जानु पर्दछ। साथै उक्त स्थानमा भएको डिपिआर समेत उपयुक्त नभएकोले डिपिआर तयार गर्ने पदाधिकारीहरु जिम्मेवार हुनुपर्दछ।

### ९० एज विल्ट ड्रईङ्

सार्बजनिक खरिद नियमावली, २०६४ को निम १२५ मा खरिद सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज बिल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण कार्य सकिएको भनिएकोमा नियमावलीमा उल्लिखित व्यवस्था अनुसार एज बिल्ट ड्रईङ पेश गरेको देखिएन। खरिद ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

| क्र स | निर्माण कार्यको नाम | निर्माण व्यवसायीको नाम | कार्य सम्पन्न रकम |
|---|---|---|---|
| १ | शिवनगर पुल हुदै खैरीघाट चौराह देखि बैबह सम्म आरसीसी कार्य | राजधानी कन्स्ट्रक्सन | १६७९८४९३।०० |
| २ | वडा न ४ कार्यालय भवन निर्माण | जेकेईए एसविडी जेभी | २१८७१४०।०० |
| ३ | झिलमिला सिचाई घर हुदै चवन्नी बजार जाने बाटो स्तरोन्नति (पहिलो चरण) | दोगडा भूमिराज कन्स्ट्रक्सन | ५३६१९४३।०० |
| ४ | वडा न ४ सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण | जिके कन्स्ट्रक्सन | १८५४१४४।०० |
| ५ | झिलमिला सिचाई घर हुदै चवन्नी बजार जाने बाटो स्तरोन्नति (दोस्रो चरण) | न्यु हुनैनाथ निर्माण सेवा | २३७१५१७।०० |

### ९१ निष्क्रीय पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०मा पेश्की दिनुपर्ने गरी खरिद सम्झौता गर्दा काम पुरा हुनुपर्ने भनि तोकिएको म्याद भित्र काम पुरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो बाँकी पेश्की रकमको म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज र साँवा एकमुष्ठ बुझाउनु पर्ने कुरा सम्झौतामा नै उल्लेख गरी असुल गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ मा पेश्की रकम तोकिएको प्रयोजनको लागि प्रयोग भएको नपाइएमा सम्बन्धित पक्षले पेश गरेको बैङ्क जमानत जफत गर्नुपर्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ मा निर्माण व्यवसायीले खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फर्स्यौट हुन नसकेमा बैङ्क जमानत जफत गरी सोमा १० प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। पालिकाले १५ सैयाको अस्पताल भवन निर्माणको लागि बंगलामुखी बैजनाथ जेभी लाई रू.१५००००००।०० पेश्की दिएकोमा रू.२५०००००।०० फछर्योट गरी रू १२५००००० बाँकी रहेकोमा पेश्की हालसम्म फर्स्यौट भएको देखिएन। सम्झौताको शुरु अवधि भित्र पेश्की फर्स्यौट नभएकोले नियमावलीको नियम ५० अनुसार वार्षिक १० प्रतिशतले हुने ब्याज समेत असुल गरी पेश्की फर्स्यौट हुनुपर्दछ।

### ९२ संचालन कार्यविधि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार शीत भण्डार तथा चिस्यान केन्द्रहरु निर्माणमा यो वर्ष रू.४६९००००।०० खर्च भएको देखियो। तर उक्त चिस्यान केन्द्र संचालन गर्ने कार्यविधि बनेको देखिएन। आवश्यक संचालन कार्यविधि बनाउनु पर्दछ।

| क्र स | योजनाको नाम | कूल लागत | पालिकाबाट भुक्तानी | साझेदारी |
|---|---|---|---|---|
| १ | दुग्ध चिस्यान केन्द्र | ४३५५४६१।०० | ४००००००।०० | प्रदेश विशेष अनुदानबाट सम्पन्न |
| २ | शीत भण्डार | ६९६१००६।०० | ६९००००।०० | समपुरक अनुदानबाट निर्माणाधीन |

### ९३ बीमा नगरेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्यको बीमा गराउनु पर्ने र सो कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजिकरण गरिदिनु पर्ने व्यवस्था छ। पालिका अन्तर्गत उपभोक्ता समिति मार्फत निम्नानुसार रू.२० लाख भन्दा बढिको निर्माण कार्य भएकोमा नियममा तोकिए बमोजिम बिमा गराएको देखिदैन। तोकिए बमोजिम बीमा गरी निर्माण कार्यमा निहित जोखिम व्यवस्थापन हुनुपर्दछ।

| **क्र स** | **विवरण** | **लागत रकम** |
|---|---|---|
| १ | दुग्ध चिस्यान केन्द्र भवन निर्माण | ४३५५४६१।०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बेलडाँडी गाउँपालिका, कंचनपुर , बेलडाँडी गाउँपालिका , कञ्चनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bir Bahadur Ayer | २०८०-११-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ० | १७,६९०,९४३ | ६,६१७,९७३ | ० | ० | २,९०८,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २७,२१६,९१६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २७,२१६,९१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५४९५१५१०.१७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२३७९०१२५.५५ | चालु खर्च | २२४८०६०५४.३९ |
| प्रदेश सरकारबाट अनुदान | २३१२२२७२ | पूँजीगत खर्च | ९९५९१३०७ |
| राजश्व बाँडफाँट | ६१३८८४६९.३७ | वित्तीय/अन्य व्यवस्था | २२३११०८० |
| आन्तरिक आय | ७७०३१८१.२९ | | |
| अन्य आय | ७४६३११४.९८ | | |
| कुल आय | ३२३४६७१६३.१९ | कुल खर्च | ३४६७०८४४१.३९ |
| बाँकी मौज्दात | | ३१७१०२३१.९७ | |

## अनुसूची - २

## बेरूजु दफा १२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | आ.व. २०७९।८० को भुक्तानी दिन बाँकी यो वर्ष भुक्तानी भएको विवरण | रकम |
|---|---|---|
| १ | कर्मचारीको बैठक भत्ता | २५५०० |
| २ | कर्मचारीको बैठक भत्ता | १२००० |
| ३ | करार कर्मचारी छनौट खर्च | १३६७५० |
| ४ | भुमिहिन दलित सुकुम्वासी र अव्यवस्थित वसोवास व्यवस्थापनमा खटिएका कर्मचारिको भत्ता | १८८७१० |
| ५ | इन्धन (कार्यालय प्रयोजन) | १२३३१२२ |
| ६ | गणेश आयल स्टोर बेलौरी | १५०००० |
| ७ | महाशक्ति स्टोर बेलौरी | ६६३३२१ |
| ८ | जिप मर्मत वाफत भट्ट मोटर पार्टस कंचनपुर | ३३३७८२ |
| ९ | श्री राम अटो पार्टस एवंम सर्विस सेन्टर | १२०३४० |
| १० | सवारी साधन मर्मत खर्च | ५८९३० |
| ११ | सवारी साधन मर्मत खर्च राजु न्यौपाने | ६४९० |
| १२ | हाम्रो अटो सर्विस महेन्द्रनगर | ३६१४६० |
| १३ | आर.पि.ट्रेडर्स बेलडाँडी | १२९५७५ |
| १४ | खेलकुद समाग्री खरिद | ५९२५० |
| १५ | गौरी भवानी कन्सट्रक्सन लाइ सडक मर्मत कार्यको | ७०६९४९ |
| १६ | न्यु श्री जोशी ट्रेडर्स | ४५६५७ |
| १७ | भागेश्वरि मल्टिट्रेडर्स बाट कार्यालय मालसमान खरिद | २१६९१४० |
| १८ | मसलन्द तथा कार्यालय सामाग्री | १७००० |
| १९ | मसलन्द तथा कार्यालय सामाग्री | १९४७५ |
| २० | ईन्धन | ३४३३ |
| २१ | करार सेवा शुल्क | ३२८२४० |
| २२ | उद्धव राज भट्टलाइ सेवा तथा परामर्स | २४०००० |
| २३ | खाजा र समान खरिद | २८९१६५ |
| २४ | दलित तथा जेष्ठ नागरिक कार्यक्रम | १४८८१० |
| २५ | न्यु खप्तड युवा क्लब | १०२९९७ |

| | | |
|---|---|---|
| २६ | फुटबल खरिद | ४७०० |
| २७ | सुप मेडि सप्लायर धनगढी बाट औषधि खरीद | ४९८६०० |
| २८ | सितोरिया कराते प्रतियोगिता | ४७५७० |
| २९ | भ्रमण खर्च | ५००१५० |
| ३० | खाजा खर्च खडक चन्द र शुक्लाफाँटा होटल एण्ड रेस्टुरेन्ट | २७२४५ |
| ३१ | बेलडाँडी चवन्नि खाजा घर र बेदकोट खाजा घर | २६४१५ |
| ३२ | भत्ता तथा खाजा | ६९१०० |
| ३३ | भुमिहिन दलित सुकुम्वासी र अव्यवस्थित वसोवासको जग्गा नापजाचका लागि वडा स्तरिय सहजाकरण समिति/ कर्मचारिको /जनप्रतिनिधि को खर्च तारा गिरिलाइ भुक्तानी | १९००२० |
| ३४ | भुमिहिन दलित सुकुम्वासी र अव्यवस्थित वसोवासको जग्गा नापजाचका लागि वडा स्तरिय सहजाकरण समिति/ कर्मचारिको /जनप्रतिनिधि को खर्च पार्वती देवि सिंह | २४४२८० |
| ३५ | मन्नु डगौरालाइ खजा तथा इन्धन | १४४५० |
| ३६ | विविध खर्च | १७१७३ |
| ३७ | धन किसन पाध्या बेलडाँडी २ लाइ घरभाडा | २६००० |
| ३८ | नरेस सिंह धामी गाडि भाडा | २७००० |
| ३९ | के.डि.अटोमोबाईल महेन्द्रनगर | २६१००० |
| ४० | ईलेक्ट्रोनिक समाग्री खरिद | ३८०९० |
| ४१ | ईलेक्ट्रोनिक समाग्री खरिद आर.पि.ट्रेडर्स बेलडाँडी | ८६१४० |
| ४२ | थ्याङ्यु बिजनेस बाट प्रिन्टर खरिद | ६३८४५ |
| ४३ | मेशिनरी तथा औजार | २३२८९८६ |
| ४४ | महेन्द्र लाइट हाउस धनगढी इलेक्ट्रिक समान खरिद | ८३३९५ |
| ४५ | हाइटेक कम्प्युटर सेन्टर महेन्द्रनगर | ९९८९२ |
| ४६ | सरज सह मिल तथा फर्निचर उद्योग बाट फर्निचर खरिद | ४६८९५० |
| ४७ | सामुहिक सन्देश प्रणालि | २८३२३ |
| ४८ | क्याम्प देखि चवन्नी हुदै जनक थापा जि को घर जाने बाटोमा ग्राभेल कार्य | ४८०३१२ |
| ४९ | गोपाञ्जल निर्माण सेवा प्राली सडक मर्मत कार्य | ५६५९६१ |

| | | |
|---|---|---|
| ५० | बलु रानाको घरदेखी जगदिश रानाको खेतसम्म सडक ग्राविल | ४२३१५५ |
| ५१ | बि.आर.कन्सट्रक्सन बेदकोट ०९ कंचनपुर लाइ बेलडाँडी ५ इमिलिया नन्दलाल रानाको घर देखी दशरथ रानाको घरसम्म सडक मर्मत गर्ने कार्य | ९६४००० |
| ५२ | भुपेन्द्र शाहको घर देखि दिर्घ सिंहको घर हुदै सगरमाथा स्कुल सम्म सडक कालोपत्रे थप कार्य | ५८७९५८ |
| ५३ | वडा कार्यालय पछाडी सडक ढलान कार्य | १०००००० |
| ५४ | वडा नं २ का विभिन्न स्थानमा ग्राभेल तथा नालि कनाउने काम | ९७७००७ |
| ५५ | सडक ग्राबेल कार्यको पबित्रा भट्ट र खडक चन्द | १९३००३ |
| ५६ | सिद्धबाबा कन्स्ट्रक्सन लाइ सडक ग्राबेल कार्यको | ४५६९९५ |
| ५७ | महाकालि सिचाइ जल उपभोक्ता संघ समिति मा जे.सि.बि प्रयोग खर्च | ९२७२० |
| ५८ | ह्युम पाइप खरिद | ६७४७९ |
| ५९ | भूउपयोग योजना परामर्स सेवा | ४२५००० |
| ६० | रिडरोड डिपिआर | ५००००० |
| ६१ | इन्धन | ३५०५ |
| ६२ | कर्मचारीको बैठक भत्ता | २५५०० |
| ६३ | कर्मचारीको बैठक भत्ता | १२००० |
| ६४ | करार कर्मचारी छनौट खर्च | १३६७५० |
| ६५ | भुमिहिन दलित सुकुम्वासी र अव्यवस्थित वसोवास व्यवस्थापनमा खटिएका कर्मचारिको भत्ता | १८८७१० |
| ६६ | इन्धन (कार्यालय प्रयोजन) | १२३३१२२ |
| ६७ | गणेश आयल स्टोर बेलौरी | १५०००० |
| ६८ | महाशक्ति स्टोर बेलौरी | ६६३३२१ |
| ६९ | जिप मर्मत वाफत भट्ट मोटर पार्टस कंचनपुर | ३३३७८२ |
| | जम्मा | २२१८१७०० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।